अन्तर्राष्ट्रिय शान्ति प्रतिष्ठान



# सामुदायिक सेवाका माध्यमबाट प्रहरीमा सुधार

## कार्यान्वयनका लागि दर्शन र निर्देशन

हेस्टा ग्रेनेवाल्ड र गोर्डन पिक

सेप्टेम्बर २००४ ■ न्यूयोर्क

सेफरवर्ड एक स्वतन्त्र संस्था हो। जनताले शान्त तथा सुरक्षित जीवन बाँच्न पाऊन् भन्ने उद्देश्यले यो सशस्त्र हिंसा रोक्न र सुरक्षित सामुदायिक स्थिति सिर्जना गर्न प्रयासरत छ। यसले स्थानीय साझेदारमा सीप र क्षमताको विकास गरेर उनीहरूलाई सवल बनाउने लक्ष्य लिएको छ।

सेफरवर्ल्ड सरकर तथा अन्तर्राष्ट्रिय, क्षेत्रीय, राष्ट्रिय तथा स्थानीय संस्थाहरूसँग सहकार्य गर्दै अघि बढ्दछ। स्थानीय समुदायको सुरक्षा स्थितिमा सुधार ल्याउने दिशामा यसका प्रमुख क्रियाकलापहरू समर्पित छन्। यस प्रयोजनका लागि यसले अनुसन्धान, वकालत तथा तालिम सञ्चालन गरेर सुरक्षा क्षेत्र सुधार तथा न्यायिक रणनीतिबारे जानकारी हासिल गर्दछ। यसले अफ्रिका, युरोप तथा दक्षिण एसियामा कार्यक्रम सञ्चालन गर्दैआएको छ। सेफवर्ल्डका गतिविधिका बारेमा थप जानकारीका लागि www.saferworld.org.uk हेर्नुहुन अनुरोध छ।

*थप जानकारीका लागि सम्पर्क राख्नुहोस्*


सेफरवर्ड<br>
द गेस्टन सेन्टर<br>
२८ चेरिज स्क्वायर<br>
लण्डन<br>
एन १ सिक्थ<br>
संयुक्त अधिराज्य<br>
टेलिफोन ४४(0)२० ७३२४ ४६४६<br>
फ्याक्सः ४४(0)२० ७३२४४६४७<br>
**वेबः www.saferworld.org.uk**<br>
**Email: general@saferworld.org.uk**

# आभार

यो प्रतिवेदन अन्तर्राष्ट्रिय शान्ति प्रतिष्ठान र सेफरवर्डले संयुक्त रुपमा ***समुदायमा आधारित प्रहरी सेवाः सुरक्षा प्रवर्द्धन-विकास संरक्षण*** का विषयमा २२-२३ मार्च २००४ मा न्यूयोर्कमा आयोजना गरेको गोष्ठीमा उठेका छलफलको सङ्कलन हो।

प्रतिवेदनका लेखकद्वय यसको प्रारम्भिक मस्यौदा सुधार गर्न सघाउने मार्क बास्किन, रिनाटा डृन, क्रिस गेल, आड्रिन हर्न, निल जर्मन, ओट्विन मेरनिन, ग्राहम माथियाज, आन्डी म्याक्लिन, राचेल निल्ड र लुक भान डे गुरप्रति धन्यवाद प्रकट गर्दछन्। साथै उनीहरू सम्पादकीय टिप्पणीका लागि क्लारा ली, फ्रान्सेस्को मान्सिनी तथा नेक्ला सिर्जीप्रति पनि आभार प्रकट गर्दछन्।

यसैगरी उनीहरू सम्मेलन तथा कार्यशाला प्रतिवेदन उत्पादनका लागि आर्थिक सहयोग जुटाइदिएकोमा क्यानेडियन डिपार्टमेन्ट अफ फरेन एफियर्स तथा इन्टरनेसनल ट्रेड (डिएफएआइटी) लाई पनि धन्यवाद दिन्छन्। उनीहरू बैठकको आयोजना गरिदिने राष्ट्रसंघका लागि क्यानाडा मिसन तथा लक्जेम्बर्ग मिसनलाई पनि साधुवाद भन्न चाहन्छन्।

सुरक्षा विकास सञ्जालका सम्बन्धमा अन्तर्राष्ट्रिय शान्ति प्रतिष्ठानका कार्यक्रमलाई रकफेलर फाउण्डेसन तथा अष्ट्रेलिया, क्यानडा डिएफएआइटी तथा सिआइडिए, जर्मनी, लक्जेम्बर, नर्वे सरकारले र संयुक्त अधिराज्य (डिएफआइडी) ले आर्थिक लगानी गरेका छन्। यस आइपिए कार्यक्रमलाई डेनमार्क, स्वीडेन तथा स्वीजर्ल्याण्ड सरकारले र फोर्ड फाउण्डेसन तथा विलियम र फ्लोरा हेलेट फाउण्डेसनबाट पनि सहयोग प्राप्त भएको छ।

# लेखकका बारेमा

हेस्टा ग्रेनवाल्ड लण्डनस्थित सेफरवर्ल्डमा द्वन्द्व रोकथाम कार्यक्रमका कार्यक्रम अधिकृत हुन्। उनले अफ्रिकामा समुदायमा आधारित प्रहरी सेवा, द्वन्द्व रोकथाम र शान्ति निर्माणका विषयहरूमा सघन रूपमा कार्यक्रम पनि चलाएकी छन्।

गोर्डन पिक न्युयोर्कस्थित अन्तर्राष्ट्रिय शान्ति प्रतिष्ठानमा सुरक्षा क्षेत्र सुधारका विषयमा कार्यक्रम सहायकका रूपमा कार्य गरेका व्यक्ति हुन्। उनले कोसोभो र प्यालेस्टिनी क्षेत्रमा प्रहरीको स्थापनाका बारेमा लेखेका छन्। उनले यो लेखन सेन्ट एन्टोनी कलेज अक्सफोर्डमा डि फिल गर्ने क्रममा तयार पारेका हुन्। उनले अल्बानिया, कोसोभो र इण्डोनेसियाका प्रहरी संगठनका मुद्दाहरूमा सेफरवर्ल्ड र युएनडिपीका लागि सल्लाहकार बनेर पनि कार्य गरेका छन्।

*आवरण तस्वीरः* महिला तथा बालबालिका समाजको काठमाडौंमा आयोजित बालकल्याण सम्बन्धी कार्यशाला गोष्ठी। तस्वीर सामुदायिक सेवा समिति चावहिल, काठमाडौंबाट प्राप्त।

# विषय सूची:

सारांश ........ ग

१. परिचय ........ ४

२. प्रहरी सुधारका लागि नमुनाका रूपमा समुदायमा आधारित प्रहरी सेवा ........ ५

३. समुदायमा आधारित प्रहरी सेवा: शान्ति सुरक्षाको घेराभन्दा माथि ........ ५

४. प्रहरी सुधारको कठिनाइका बारेमा पाठ सिकाइ ........ ६

५. कार्यक्षेत्रका कथा: व्यवहारमा समुदायमा आधारित प्रहरी ........ ८

६. समुदायमा आधारित प्रहरी: कार्यान्वयन संरचना ........ ११
   क मुख्य सिद्धान्त ........ ११
   ख गम्भीर सफल तत्व ........ १२
   ग कार्यान्वयन संरचना ........ १२

७. निष्कर्ष: ........ १९

गोष्ठीको विषय ........ २०

सहभागीहरूको सूची ........ २२

# सारांश

प्रहरी सुधारलाई द्वन्द्व व्यवस्थापनको आधारभूत तत्वका रूपमा स्वीकार गर्नेक्रम बढि रहेको छ । असुरक्षाबाट प्रभावित समुदायले प्रहरी सेवालाई सहयोग गरेपछि सामाज भित्रको आर्थिक विपन्नताले नेटो काट्नसक्छ । सामाजिक तथा राजनीतिक विकास सम्भव हुन्छ। प्रहरीको सुधारका कारण सुरक्षा क्षेत्र सुधार विधिको व्यवस्थापन र सुशासनमा पनि सघाउ पुग्दछ ।

प्रहरीको सुधारले राजनीतिक, आर्थिक, भौतिक र ऐतिहासिक अवरोधहरू हटाउन सघाउँछ। प्रहरीको सेवामा सुधार हुन नसकेसम्म यी क्षेत्रहरू चुनौतीमा पर्दछन् । प्रहरीभित्रको जटिलताले व्यवस्थापन, नेतृत्व, राजनीतिक इच्छा, अवधारणा, स्थापित व्यवहार र जनधारणामा चुनौती थपिदिन्छ । प्रहरीमा केन्द्रीयता भन्नुको अर्थ यो आम जनताको पहुँचमा छैन भन्नु नै हो । जब त्यहाँ विकेन्द्रीकरण सुरु हुन्छ, विस्तारित सीमासम्म प्रहरीको पहुँच पुग्दछ र यसमा जनताको पहुँच पनि स्वतः बढ्छ । उनीहरूले प्रहरी सुधार के हो र यो कसरी गरिदो रहेछ थाहा पाउँछन् ।

समुदायमा आधारित अवधारणाले प्रहरीको सुधार र जनता प्रतिको उनीहरूको प्रभाव बढाउने कार्य गर्दछ। समुदायको चासोलाई महत्व दिने सिलसिलामा सिद्धान्त र व्यवहारलाई एकैसाथ अघि बढाउनु पर्दछ । यसले अपराधमा मात्र केन्द्रित रहेर काम गर्दैन, समुदायको साझेदारीमा उनीहरूका आवश्यकता पूरा गर्दछ । जब साझेदारी सफल हुन्छ तब सुरक्षा र विकास सम्भव हुन पुग्दछ । दर्शन वा सिद्धान्तको पक्ष के कति बुझियो भन्ने कुरा व्यावहारिक रूपमा यसको सफलताले देखाउँछ। यसलाई सफल बनाउन प्रष्ट विचार योजना संगठन र व्यवस्थापन आवश्यक पर्दछ । समुदायमा आधारित प्रहरी सेवाको सफलताका लागि निश्चित तत्वहरूको संयोजन चाहिन्छ । यसमा राजनीतिक सहायता महत्वपूर्ण छ। सरकार, प्रहरी र नागरिक समाजको सहयोगबिना समुदायमा आधारित प्रहरी सेवा सम्भव छैन। यसका साथै अन्तर्राष्ट्रिय पात्र तथा उनीहरूबीचको समन्वयात्मक सहयोग प्राप्त भएमा र लक्ष्य निश्चित गरेर अघि बढेमा यसको सफलतामा सघाउ पुग्दछ ।

कार्यान्वयन संरचनामा चार चरण समावेश हुन्छन्: पूर्व संलग्नता विश्लेषण र उपलब्धि, रुपरेखा निर्धारण र योजना, कार्यान्वयन व्यवस्थापन र मूल्यांकन तथा चुनौतीका विषयमा ख्याल गर्न सकिएमात्र कार्यान्वयन सफल हुन्छ । यस्तो जटिल ज्ञान प्राप्तिपछि मात्र प्रहरीमा परिवर्तनको प्रक्रिया सम्भव हुनसक्छ। सफल कार्यान्वयनका लागि सम्पूर्ण पक्षहरू समेटिएको विस्तारित योजना आवश्यक हुन्छ। लक्ष्य प्रष्ट रूपमा परिभाषित गरिनु पर्दछ। अवधारणा रेखाङ्कन वा योजना निर्माणले नै लक्ष्यसम्म पुग्न दिशानिर्देश गर्दछ। योजनामा लचकता भने आवश्यक छ। प्रक्रियाको अनुगमन तथा मूल्यांकनले बदलिदो परिस्थितिअनुकूल योजना अबलम्बन गर्न सघाउँछ । असावधानी र हतारमा गरिएको प्रहरी र समुदायको सांगठनिक क्षमता निर्माणले अवरोध सिर्जना गर्दछ ।

रुपरेखा निर्धारणः योजना निर्माण, कार्यान्वयन, अनुगमन तथा अपेक्षित संलग्नताको मूल्यांकन जति सम्भव हुन्छ उति प्रहरी, सरकार र नागरिक समाजको अर्थपूर्ण संलग्नताले सघाउ पुर्‍याउँछ । सफलताको मापनका लागि सूचकहरू निर्धारण गरिनु पर्दछ। दातृ निकायबाट प्राप्त हुने सहायताको सुनिश्चितताले आत्मबल बढाउँछ भने परिसूचकले प्राप्त भएको उपलब्धि देखाउँछ। सुधार प्रक्रियामा कहाँ संशोधन हुनुपर्ने हो, कसरी थप सहायता जुटाउनु पर्ने हो र अन्तर्राष्ट्रिय संलग्नता आवश्यक पर्ने हो वा होइन भन्ने जानकारीका लागि अनुगमन तथा मूल्यांकन आवश्यक हुन्छ ।

# १. परिचयः

प्रहरी निकाय सुरक्षा क्षेत्रका लागि प्रष्ट देखिने महत्वपूर्ण अंग हो, त्यसैले मानव सुरक्षाका लागि यसको सुधार आवश्यक छ। कानुन कार्यान्वयन नभएसम्म र सुरक्षित वातावरण नबनेसम्म सामाजिक तथा आर्थिक विकास सम्भव हुँदैन । शान्ति सुरक्षा र विधिको शासन कायम गराउन पनि प्रहरीको अहं योगदान रहन्छ । व्यावसायिक तथा उत्तरदायी प्रहरी सेवाको विकासका लागि स्थानीय समुदायको आवश्यकताको पहिचान गरी त्यसलाई पूरा गर्ने विधिका साथ अघि बढ्नु आवश्यक छ । द्वन्द्व व्यवस्थापन उचित तरिकाले गर्ने हो भने पनि प्रहरीमा व्यावसायिक योग्यता चाहिन्छ । प्रहरीको सबलता जहाँ देखापर्दछ त्यहाँ अन्य पक्षहरू पनि स्वतः सबल भएका हुन्छन् । विगतमा प्रहरीले आम रूपमा जुन स्वरुप ग्रहण गर्‍यो, त्यसमा परिवर्तन ल्याउनु, अधिनायकवाद र कर्मचारीतन्त्रको परम्परालाई छोडेर समुदायका साथ साझेदारी गर्दै अघि बढ्नु आजको आवश्यकता हो। यसो गरिएमा नै प्रहरीमा परिवर्तन सम्भव हुन्छ।

द्वन्द्व व्यवस्थापनको एक उपकरणका रूपमा प्रहरीको सुधार आवश्यक छ । प्रहरी संगठनको सुधारबिना बदलिदो परिस्थितिका चुनौतीहरू सामना हुन सक्तैनन् । राष्ट्रसंघीय शान्तिसेना, विस्तारित र विविध क्षेत्रका अन्तरराष्ट्रिय संगठनहरू विकास बैंक, गैरसरकारी संस्था (गैसस) र बढ्दो प्रभावमा रहेका निजी कम्पनीहरूको सुरक्षणका लागि पनि प्रहरीको सुधार आवश्यक छ। पुरानो संरचनालाई परिवर्तन सापेक्ष सुधार र सुझाव प्रदान गर्न पनि प्रहरी क्षेत्रको सुधार आवश्यक छ। पहिला सामान्यतः प्रहरीको सुधार द्वन्द्वको प्रभाव सहन गर्नका लागि हुने गर्दथ्यो तर द्वन्द्व रोकथामका लागि पनि उपयुक्त रणनीतिका साथ अगाडि बढ्न प्रहरीको सुधार आवश्यक पर्ने तथ्य प्रमाणित भैसकेको छ।

प्रहरी सुधारका लागि अन्तर्राष्ट्रिय सहयोग कार्यक्रमहरू विभिन्न मुलुकभित्र र अन्तर्राष्ट्यिय रुपमा सञ्चालन भैरहेका छन् । दक्षिण अफ्रिका, मलावी र उत्तरी आयरल्याण्डमा राष्ट्रिय रूपमा प्रहरी सुधारका अभ्यासहरू भएका छन् भने कोसोभो र पूर्वी टिमोरमा अन्तर्राष्ट्रिय पहलमा कार्यक्रमहरू लाने र द्वन्द्व पछिको अवस्थालाई सम्बोधन गर्ने काम भएको छ । राष्ट्रसंघीय शान्ति स्थापनाको कार्यक्षेत्रमा खटिएका करिब एक चौथाई कर्मचारीको कार्य दीर्घकालिक स्थायित्वका लागि विभिन्न मुलुकलाई सघाउने दिशामा केन्द्रित छ । उदाहरणका लागि प्रहरी संगठनमा समेत सुधार ल्याएर र समाजका नयाँ संस्थाहरूसँग समेत सहकार्य गरेर इराक, सुडान र अफगानिस्तानमा शान्ति स्थापनाको काम भएको छ।[1] कार्यान्वयन गर्ने को हो र द्वन्द्वचक्रमा समाजको स्थिति कहाँ पुग्यो भन्ने पक्षलाई ख्याल नगरी सार्वजनिक अवधारणा प्रस्तुत गर्न कठिन हुन्छ । द्वन्द्वका बेला प्रहरी प्रतिको नागरिक दृष्टिकोण कस्तो रहन्छ भनेर अनुमान लगाउन सजिलो छैन । प्रहरीले औपचारिक पोषाक लगाएको बेला नागरिकका लागि त्रासको कारक बन्छ कि सुरक्षाको स्रोत बन्छ भन्ने कुराले पनि प्रहरीले विविध समस्याहरू भोगिरहेका हुन्छन् । किनभने प्रहरीमाथि पहिलादेखि परेको छाप मेट्न कठिन हुन्छ । नयाँ संस्कृतिप्रतिको विश्वास र आस्थालाई विर्सन पनि सजिलो हुँदैन ।

अधिकांशत अन्तर्राष्ट्रिय सुधारका प्रयाशहरूले पनि प्रष्ट रणनीति र उद्देश्यका साथ प्रष्ट संरचना बनाउन सकेका हुँदैनन् । यस सम्बन्धमा तयार पारिएका आधारभूत सिकाइ पर्याप्त छैनन् । प्रहरीको सुधार भन्नाले केकस्ता पक्षहरू समेटिनु आवश्यक छ भन्ने कुरामा भ्रम देखिन्छ । यो नै परिवर्तनका लागि एक चुनौती बन्न पुगेको छ। शान्तिमा रहेका जनतालाई सुधारको सन्दर्भ बुझ्न कठिन हुन्छ। अझ त्यसमाथि प्रहरीप्रति पीत आग्रह बनाएर बसेका जनतालाई छुनु चुनौतीपूर्ण हुनजान्छ। प्रष्ट कार्यसञ्चालन योजनाको अभावमा सुधारको अवधारणा पस्किनु जनतालाई भ्रममा पार्नुमात्र हुन आउँछ। सुस्पष्ट धारणाको अभावमा यस अवधारणाबाट जनता पलायन हुनसक्ने सम्भावना रहन्छ ।

लण्डनस्थित गैसस सेफरवर्ल्डका साथ साझेदारीमा अन्तर्राष्ट्रिय शान्ति प्रतिष्ठान (इन्टरनेशनल पीस एकेडेमी) ले न्युयोर्कमा मार्च, २००४ मा प्रहरीको सुधारका लागि अवधारणागत प्रष्ट संरचना निर्माण गर्नका लागि दुई दिने कार्यशाला आयोजना गर्‍यो । सोही कार्यशालाका आधारमा **समुदायमा आधारित प्रहरी सेवाको दर्शन र सिद्धान्त** नामको अभिलेख सेफरवर्ल्डले तयार पार्‍यो । त्यसमा प्रहरीको सुधारका लागि आधारभूत सिद्धान्तका सम्बन्धमा व्याख्या गरिएको छ।।[2] हालै प्रकाशित यो पुस्तिका अल्बानिया र केन्याको प्रहरी सुधार परियोजनाका लागि निर्देशिकाका रूपमा रहेको छ। राष्ट्रसंघीय पद्धतिभित्र दातृ सरकारहरू र स्वतन्त्र विज्ञलाई एकैसाथ भेला पारेर गरिएको सो गोष्ठीको उद्देश्य समुदायमा आधारित प्रहरी सेवाको अवधारणा प्रष्ट पार्नु र प्रहरीलाई द्वन्द्व व्यवस्थापन रणनीतिमा समायोजन गर्नु रहेको थियो ।

पहिलो दिनको छलफलमा द्वन्द्व व्यवस्थापनका लागि समुदायमा आधारित प्रहरी सेवाको अवधारणा र यसको सञ्चालनका लागि कार्यक्रमिक अवधारणाको विषयमा जानकारी गराउने रहेको थियो । द्वन्द्व व्यवस्थापन रणनीतिको फराकिलो क्षेत्रमा समुदायमा आधारित अवधारणाले कसरी काम गर्छ र यसको सुधार किन आवश्यक छ भन्ने सन्दर्भ उल्लेख गरिएको थियो । दोस्रो दिनको कार्यक्रममा कार्यान्वयनको सन्दर्भमा बढी केन्द्रित रहेर कुरा उठाइयो । यसको उपयोगिताका सन्दर्भमा प्रकाश पारियो । यो प्रतिवेदन त्यही दुई दिनको कार्यक्रमको संक्षिप्त रुप हो । गोष्ठीमा सहभागीको ज्ञान र अनुभवलाई यहाँ लिपिबद्ध गर्ने प्रयास गरिएको छ ।

१. राष्ट्रसंघीय शान्ति कार्यका सम्बन्धमा तयार पारिएको प्रतिवेदन (ब्राहिमी रिपोर्ट), अनुच्छेद १८१

२. सेफरवर्ल्ड तथा साना हतियार तथा हल्का शस्त्रको नियन्त्रणका लागि दक्षिण पूर्वी युरोप कार्यालय (सिसाक), समुदायमा आधारित प्रहरीको दर्शन र सिद्धान्त राष्ट्रसंघीय विकास कार्यक्रम युएनडिपी र दक्षिण पूर्वी युरोपका लागि स्थायी सम्झौता, २००३ । प्रतिवेदनका लेखकहरू हस्ता ग्रेनवाल्ड, डेभिड केन्ड्रिक, ग्राहम माथियाज र गोडर्न पिक रहेका थिए । द्वन्द्व रोकथाम तथा उपचार केन्द्र/युएनडिपी र अल्बानिया कन्ट्रि अफिसद्वारा प्रकाशित प्रतिवेदन www.saferworld.org.uk/policing/cbpballka .htm मा पनि उपलब्ध छ ।

## २. प्रहरी सुधारका नमुना समुदायमा आधारित प्रहरी सेवाः

समुदायमा आधारित प्रहरी सेवा दर्शन (चिन्तनको मार्ग) र सांगठनिक रणनीति (दर्शनलाई बहन गर्ने साधन) ले प्रहरी र समुदायलाई अपराध, अव्यवस्था र असुरक्षाका समस्याहरूको समाधान गर्न सघाउने कार्य हो । यो मुख्यतः दुई तत्वहरूमा आधारित छः दर्शनमा आधारित परिवर्तनको अभ्यास र प्रहरी तथा जनताबीच सम्बन्ध स्थापनाका लागि चालिने कदम ।

सामुदायिक प्रहरीको दर्शनले के विश्वास गर्दछ भने प्रहरीलाई प्रतिनिधिमूलक र जिम्मेवार संस्था बन्ने लक्ष्य प्रहरीको हुनुपर्दछ । 'शान्ति अधिकृतहरू' फौजभन्दा बढी सेवा प्रदायक हुन् र उनीहरूले अपराधीलाई तर्साउने काम मात्रै गर्दैनन् । यी लक्ष्यहरू पूर्ति गर्नका लागि तीन चरणहरू पारगर्नु आवश्यक छ । यी चरणहरू हुन्- व्यक्तिगत, सांगठनिक तथा सामाजिक ।[३]




अन्तर्राष्ट्रिय शान्ति प्रतिष्ठानका अध्यक्ष डेविड मेलोन र संयुक्तराष्ट्रसंघका लागि क्यानडाका स्थायी प्रतिनिधि महामहिम अलान रक ।

> **समुदायमा आधारित प्रहरी सेवाको आधारभूत सिद्धान्तः**
>
> १. मेलमिलापको सिद्धान्त, दवावको होइन । २. समुदायको अंगका रूपमा प्रहरी, अलग्ग शक्ति होइन । ३. समुदायको आवश्यकता पहिचान गर्न प्रहरी र समुदायको सहकार्य । ४. प्रहरी, जनता र अन्य निकायहरूबीच साझेदारी र सहकार्य । ५. समुदायको आवश्यकता पूरा गर्न समर्पित प्रहरी ।

सुझाव र सहयोगको लगानी गर्नु आवश्यक छ। यसो गर्नु सर्वसाधारणको अधिकार पनि हो । समुदायको समस्या समाधानका लागि प्रहरी र जनताले व्यक्तिगत अपराध र घटनामा मात्र सीमित नरही समुदायका समस्याहरूको निराकरणका लागि अभ्यास गर्नुपर्दछ । समुदायको चासोलाई सम्बोधन गर्न खोजपूर्ण दृष्टिकोणका साथ काम गर्नुपर्दछ ।

समुदायमा आधारित प्रहरी सेवाको केन्द्रीय कार्य अपराधको पहिचान र न्यूनीकरण मात्र होइन, केन्द्रमा आम नागरिकप्रतिको सेवा रहनुपर्दछ भन्ने सिद्धान्त अंगीकार गरिन्छ । सर्वसाधारण व्यक्तिका साथ साझेदारीमा कार्यगर्ने उत्तरदायी, व्यावसायिक

सेवा र योग्यताको मूल्य व्यक्तिगत अधिकारीले आफ्नो स्तराट, उपयुक्त व्यवस्थामा पनि संरचना तयार पारेर निश्चित कामका लागि दक्षता हासिल गरेको र मूल्य-मान्यतामा अडिक रहने व्यक्ति हुनुपर्छ । सुधारको कार्य एक्लै हुँदैन । समुदायको सहयोग र सहायता नभई प्रहरीको आधारभूत लक्ष्य पूर्ति हुनसक्तैन । समुदायमा आधारित प्रहरी सेवामा सर्वसाधारणलाई सचेत गराउने समर्पण भावका साथ रणनीतिको अनुशरण हुनुपर्दछ । जनताले प्रहरीलाई विश्वास नगर्ने कारण इंगित गरेपछि सुधार गर्नुपर्दछ । प्रहरी र समुदायबीचको साझेदारी निर्माण चुनौतीपूर्ण कार्य हो । प्रहरीको सुधारका लागि अनिवार्य यस पक्षमा अन्तर्राष्ट्रिय सुधारको योगदान खास हुँदैन । स्थानीय रूपमै यसको सिर्जना गर्नुपर्दछ । स्थानीय समुदायका साथ काम गर्ने कार्यदललाई यस सम्बन्धमा दिशानिर्देश भएको छैन । समुदायमा आधारित प्रहरीको दर्शनले प्रहरी तथा जनतालाई विश्वासमा रहेर कार्यगर्न र परिवर्तनका लागि वचनबद्धता प्रकट गर्न सिकाउँछ । दर्शनलाई व्यवहारमा उर्तानु जटिल कार्य हो । प्रहरी संगठन र समुदायबीच दर्शनको प्रयोगका लागि गहिराइसम्म पुगेर रणनीतिक योजना बनाउनु आवश्यक हुन्छ । विविध चरणहरूमा योजनाअनुसार काम हुनु पर्दछ । वचनले मात्र काम नगरी प्रहरी सुधार वा परिवर्तनका प्रक्रियाहरू कार्यान्वयनमा ल्याउनु आवश्यक हुन्छ ।

## ३. समुदायमा आधारित प्रहरी सेवाः शान्ति-सुरक्षाभन्दा माथि

प्रहरी सेवा यस्तो प्रक्रिया हो जो निरपेक्ष र एक्लै अघि बढ्न सक्तैन । प्रहरी सेवाका विभिन्न पक्षहरूमा अधिकारीहरूले समान ध्यान दिनुपर्छ । व्यक्तिगत रूपमा सवारी बिसौनीको टिकटदेखि गम्भीर प्रकृतिका अपराध नियन्त्रणसम्म यसको प्रभाव क्षेत्रमा पर्नुपर्दछ । यी तमाम कार्यमा अन्य सामाजिक संस्थालाई संलग्न गराउँदै प्रक्रिया अघि बढाउनुपर्छ भन्ने धारणा गोष्ठीको थियो । गोष्ठीले समुदायको सुरक्षाका लागि, सामाजिक तथा विकासका उद्देश्य र कार्यादेश पूरा गर्न समस्या सिर्जना हुनु अघि नै समुदायमा आधारित प्रहरीले चाल्नुपर्ने कदमका बारेमा छलफल गऱ्यो ।

### सामुदायिक प्रहरी सेवा र सुरक्षा क्षेत्र सुधार

वाह्य क्षेत्रले सुरक्षा क्षेत्र सुधार (एसएसआर) को कुन भाग लिए र छनोट गरे भन्ने पक्ष महत्वपूर्ण हुन आउँछ । कुन तत्व केसंग अन्तर-सम्बन्धित छ भन्ने पहिचान नगरी गरिएको छनोटको काम छैन । नीति निर्माणको तहमा सुरक्षा क्षेत्रका निर्माण तत्वलाई ध्यानदिनु पर्दछ । कार्यान्वयनको तहमा दुई पक्षबीचको

३. एल लिनधोल्ट, पि डे मेस्किटा नेटो, डि टिटस तथा ई आलेमिकाद्वारा लिखित संक्रमणकालमा रहेका मुलुकहरूमा मानवअधिकार र प्रहरी, (लिडेनः ब्रिल एकेडेमिक पत्र, २००३) पृष्ठ २२

सम्बन्ध महत्वपूर्ण हुन आउँछ । प्रहरी सेवा कहिले काहीं भिन्न संस्थागत संरचनामा रहेको हुन्छ जसले वास्तविक समन्वयका लागि सांगठनिक सीमाका कारण काम अघि बढाउन सक्तैन । सुरक्षा क्षेत्र निर्माणका लागि विभिन्न संस्थाहरूबीच सुधारका



सेफरवर्ल्डका बरिष्ठ प्रहरी सेवा सल्लाहकार ग्राहम माथियाज ।

प्रक्रियाहरू चलिरहँदा विस्तारित सम्मिलनको आवश्यकता पर्दछ । यसो भएमा नै सुरक्षा क्षेत्रले प्रभावकारी रुपमा काम गर्न सक्तछ ।

### सामुदायिक प्रहरी सेवा, कानुनी तथा असल शासन र मानवअधिकार

प्रभावकारी किसिमले प्रहरीको सुधार गर्नका लागि अन्य आपराधिक न्यायिक प्रतिष्ठानहरूसंग सम्बन्ध राखेर कार्य गर्नुपर्दछ । न्यायिक पद्धतिको प्रवेश विन्दु र जनताका साथ निकट सम्बन्ध कायम गर्ने विषयमा तटस्थ, प्रतिस्पर्धी, पक्षपातरहित र आदरणीय प्रहरीले मात्र कानुनको शासन कायम राख्नसक्छ । कानुनी तथा शुद्धीकरण सेवाका साथ प्रहरी अगाडि आउनुपर्छ । उसले नै न्यायिक पद्धतिलाई प्रभावकारी रूपमा अघि बढाउन सक्तछ ।[४] सहकार्यमा सरिक प्रतिष्ठानहरूको अनुभवबाट एक-आपसमा लाभान्वित हुने अवस्था सिर्जना हुन्छ । सम्मिलनको संस्कारको विकास भएमा नै समुदायमा आधारित प्रहरी सेवाले प्रगति गर्न सक्तछ ।

### सामुदायिक प्रहरी सेवा, विकास तथा गरिबी न्यूनीकरण

समुदायमा आधारित प्रहरीमा भएको सुधारले गरिबी न्यूनीकरण रणनीति विस्तारित रूपमा अघि बढाउन योगदान गर्दछ । सुरक्षा, विकास र गरिबी न्यूनीकरणबीच विभिन्न दातृ निकाय तथा सरकारहरूले सम्बन्ध स्थापित गर्नु र स्थापित सम्बन्धलाई सघाउनु पर्दछ । कुनै पनि समुदायलाई ठूला अपराधले बढी प्रभाव पार्दछन् । अपराधकै कारण व्यवसाय, व्यापारिक क्रियाकलाप, (अनौपचारिक क्षेत्र सहित) मा प्रतिकूल प्रभाव पर्दछ र लगानीलाई बाहिर हुत्याउँछ ।

गरिब तथा सीमान्तीकृत जनता पनि अपराध तथा हिंसाका कारण व्यापक प्रभावित हुन पुग्दछन् । उनीहरू भ्रष्टाचार र भताभुङभएका सुरक्षा निकायहरूबाट सुरक्षा पाउँन सक्तैनन् । गरिब अझ सीमान्तीकृत बन्न पुग्छन् । राजनीतिले सामाजिक संरचनालाई सघाउन सकेको अवस्थामा राज्यले निर्माण गर्ने नीति तथा कार्यक्रमहरूले जनतामा सकारात्मक प्रभाव पार्न सक्तैन ।

सामुदायिक प्रहरी सेवा जनतासंगको साझेदारीमा अघि बढ्ने भएकोले यसले समुदायको सुरक्षालाई उनीहरूसंगै सहकार्य गर्दै उनीहरूकै आवश्यकताअनुसार शान्ति-सुरक्षाको स्थिति सिर्जना गर्दछ । सुधारिएको प्रहरीले सबै नागरिकलाई कानुनी उपचारका लागि सम्बन्धित निकायमा जाने वातावरण बनाउँछ र सामाजिक अथवा आर्थिक स्थिति सुधारका लागि सघाउँछ । यसले स्थानीय जनताको आवश्यकता पहिचान गर्दै शान्ति-सुरक्षाको स्थिति सुदृढ बनाएर समाजलाई सकारात्मक दिशातर्फ अघि बढाउँछ ।

### सामुदायिक प्रहरी सेवा तथा साना हतियारको विस्तार नियन्त्रण

साना हतियार र हल्का शस्त्र (एसएएलडब्लु) को तथ्यांक र स्थिति जानकारीमा हुनु अर्थात सञ्चारमा नियन्त्रण रहनु समुदायको सुरक्षाका लागि आवश्यक छ । यही नै सामुदायिक प्रहरीको लक्ष्य पनि हो । जनताको शान्ति र सुरक्षा चाहने हो भने उनीहरूसँग रहेका हतियारहरू राज्य वा प्रहरीलाई बुझाएर सघाउनै पर्दछ । एसएएलडब्लुको नियन्त्रणका लागि गरिएको प्रयास बलियो भएमा नै समुदायमा आधारित प्रहरीले काम गर्नसक्छ । प्रहरी तथा समुदायमा राम्रो साझेदारी भएमा हतियार कहाँ छ, कुन बाटोबाट तस्करी हुने गर्दछ र त्यसमा को संलग्न छन् भन्ने जानकारी प्रहरीलाई सजिलै प्राप्त हुन्छ । यसो भएमा नै एसएएलडब्लुको नियन्त्रण हुन सक्तछ ।

## ४. प्रहरी सुधारको कठिनाइबारे पाठ सिकाइ

प्रहरीको सुधार गर्नु चुनौतीपूर्ण कार्य हो । निरन्तर रूपमा प्रहरी र जनताले साझेदारीमा कार्य गरेमात्र प्रहरीको सुधार सम्भव हुने र यसको उद्देश्य पूर्ति हुनेमा गोष्ठीका सहभागीहरूले छलफल चलाए ।

### परिवर्तनीय गुणस्तर र अप्रभावकारी कार्यान्वयन

अन्तर्राष्ट्रिय प्रहरी सुधारको अवधारणामा विश्वका विभिन्न मुलुकहरूले सघाएका छन् । प्रहरी सेवाको अन्तर्राष्ट्रिय मान्यतामा आफ्नै अनुभको सिकाइ सर्वाधिक प्रभावकारी मानिन्छ । त्यसैले यस शैलीमा सुधार चाहने सबै प्रहरीले अनुशरण गर्नु बुद्धिमानी हुन आउँछ । अन्तर्राष्ट्रिय प्रहरी अधिकारीहरूको अनुभव, सीप र तालिम हासिल गरेपछि प्रहरीको क्षमतामा देखिने नाटकीय परिवर्तनलाई भने बेवास्ता गर्न सकिन्न । तालिम प्राप्त पर्याप्त कर्मचारीहरू भएपछि नै गुणस्तरीय सेवा प्रदान गर्न र समस्या हटाउन सकिन्छ ।

४. आर मानी, बिवन्ड रेट्रिब्युसन: सिकिङ जस्टिस इन द स्याडो अफ वार अर्थात युद्धको छायामा न्यायको चाहना (लण्डन: नीति, २००२), पृष्ठ ५६ देखि ६८ सम्म ।



हर्न लिमिटेडका आड्रिन सिएरालिओनका विषयमा बोल्नुहुँदै ।

**कमजोर समन्वय**

प्रहरी सुधारका लागि अत्यन्त आवश्यक रहेको समन्वयको पक्ष अझै पनि कमजोर देखिन्छ । प्रहरी सेवा व्यवहारमा कार्यान्वयन गर्ने विविध निकायहरू छिन्नभिन्न अवस्थामा छन् । एक संगठनमा सबै पक्षहरूलाई समेटेर अगाडि बढाउँदा श्रेणी, स्तर र योग्यताका सवालहरूले असजिलो बनाउँछन्, तालमेल गर्न कठिन पर्छ । दातृ निकायहरू आफ्नै कार्यक्रम र पद्धतिमा बढी केन्द्रित हुने, अनावश्यक रूपमा समयको लगानी बढ्ने, असुरक्षित वातावरण र जटिलता सिर्जना हुने स्थिति पनि आइलाग्छ । यसका लागि उपयुक्त ढंगले कार्यक्रम निर्माण हुनु र समन्वयको योजना बन्नु आवश्यक हुन्छ । कार्यक्रम बनाउँदा व्यावहारिक र सम्बन्धित पक्षहरूले स्वीकार गर्ने हुनुपर्दछ । सम्भाव्य जोखिमबाट सुरक्षित रहन कमजोर समन्वय र संयोजनलाई सुधार गर्नु अनिवार्य हुन्छ ।

**अपर्याप्त रणनीतिक योजना**

प्रहरी सुधारका अनगिन्ति प्रयासहरूमा क्रमबद्ध अभ्यास हुन नसक्ता परिणाम सकारात्मक आउँदैन । उदाहरणका लागि कोसोभोलाई लिन सकिन्छ । त्यहाँ अन्तर्राष्ट्रिय नागरिक प्रहरीको उपस्थिति भएको पाँच बर्षपछि र स्थानीय सरकारले सम्पूर्ण जिम्मेवारी लिनुभन्दा एक बर्षअघि स्थानीय प्रहरी फौजमा रुपान्तरण गर्ने अभ्यास थालियो । तर विस्तृत रणनीतिक योजनाका साथ काम भएन, आजसम्म पनि त्यस्तो योजना देखिँदैन, संक्रमणको अवस्था कसरी अघि बढ्छ भन्ने विषयमा प्रकाश पारिएको पाइँदैन । प्रहरीको सुधार भन्नाले बहुँपक्षीय प्रक्रिया हो । योजनाहरू पुस्तौंसम्म कायम रहन्छन् । परिवर्तनको प्रक्रिया क्रमागत रूपमा अघि बढ्नु पर्दछ । प्रगतिको पहिचान गर्न प्रहरी तथा समुदायका सहकार्यहरूको सफलता देखाउने सूचकहरूको निर्धारण आवश्यक हुन्छ । दातृ निकायबाट निरन्तर सहयोग सबल परिवर्तनका लागि आवश्यक छ । उनीहरूको अल्पकालीन सहयोगले मात्र लामो प्रक्रियामा आधारित सुधार कार्य अघि बढ्न सक्तैन ।

**ज्ञान र सीमित 'पाठ सिकाइ' को कमजोर भण्डारण**

सुधार प्रक्रियाको संरचना व्यापक सरसल्लाहका साथ तयार गरिनु पर्दछ । विभिन्न व्यक्तिहरूसंग सरसल्लाह लिंदा उनीहरूसंग केही साता वा यस्तै छोटो समयका लागि सम्झौता गर्न सकिन्छ । काल्पनिक अवधारणामा नभई ठोस प्रमाणमा आधारित रहेर ज्ञानको भण्डार निर्माण गर्नुपर्दछ । समुदायमा आधारित प्रहरी सेवा कार्यान्वयनका लागि विभिन्न पात्रहरू (संस्थागत तथा व्यक्तिगत दुवै) को अनुभव सजिलै पाउन सक्ने गरी सुरक्षित गरिनु पर्दछ । सुधारका सम्बन्धमा अनुभवबाट सिकिएका पाठलाई महत्व दिनु पर्दछ ।

**कमजोर मूल्यांकनः**

समुदायमा आधारित प्रहरी सेवाका लागि कुन काम आवश्यक छ र कुन छैन भन्ने कुरामा सीमित ज्ञान मात्र प्राप्त भएको देखिन्छ । कार्यक्रम बनाउँदा मूल्यांकनलाई मूलधारमा ल्याउने प्रयास अहिलेसम्म हुन सकेको छैन । यसले आजसम्म पनि मूल्यांकनमा निश्चित चुनौतीहरू देखा परेका छन् । उदाहरणका लागि कार्य सफलताको परिमापनका लागि सूचकहरू निर्धारण र मूल्यांकन गर्ने काम भएको छैन । विस्तृत मूल्यांकन प्रक्रियामा अन्तर्राष्ट्रिय संगठनहरू पनि आलस्य देखिन्छन् । अन्तर्राष्ट्रिय तथा आतिथेय मुलुकका पात्रहरू सहधर्मी संगठनहरूद्वारा स्वीकार गरिएका नकारात्मक उपलब्धिप्रति सजग रहने गर्दैनन् । यसले गर्दा आफूले वा अरुले हासिल गरेको ज्ञानलाई अभिलेखका रूपमा संकलन गर्ने र पाठ सिकेर अघि बढ्ने काम हुन सकेको छैन । विगतलाई मूल्यांकन गर्ने काम नहुनु भनेकै कमजोर मूल्यांकनको परिचायक हो ।

**अपर्याप्त लगानी**

लक्ष्य र मूल्यका बीच भयानक विरोधाभास देखिन्छ । परिवर्तनको प्रभाव देखाउन प्राप्त कोषको प्रबर्द्धन र सुधारक आवश्यक छ । अपेक्षा पूरा गर्न प्रायः अपर्याप्त लगानी भएको देखिन्छ जो प्रहरीको सुधारका लागि बाधक बन्नपुग्छ । ठोस परिणामका लागि दातृ निकायहरूको सतही प्रगति देखाउने प्रवृत्ति सहायक हुन सक्तैन । दीर्घकालिक प्रतिबद्धताबिना समुदायमा आधारित प्रहरी सुधारको लक्ष्य पूरा हुन सक्तैन । अस्थिर क्षेत्रहरूमा अन्तर्राष्ट्रिय सहयोग प्राप्त भए पनि दीर्घकालिक रुपमा समस्या समाधान हुँदैन ।

**संस्थागत कमजोरी**

प्रहरी फौजको सञ्चालन संस्कृतिका सम्बन्धमा प्रकाश पारिनु आवश्यक छ । प्रहरीलाई अधिकांशतः परिवर्तनका वाधक, असहयोगी र चुनौतीका रूपमा हेर्ने गरिन्छ । यसो किन हुन्छ भने प्रहरीको सुधारका लागि त्यसभित्रका अधिकृतहरूले बढी




संयुक्त राष्ट्रसंघीय शान्ति मामिला हेर्ने नागरिक प्रहरी सल्लाहकार किरण वेदी ।

काम गर्नुपर्ने हुन्छ र उनीहरूले आरामको जो जीवन बाँचिरहेका हुन्छन् त्यसमा दखल पुग्दछ । निहित स्वार्थका कारण उनीहरू परिवर्तनका पक्षमा रहँदैनन् । व्यक्तिगत रूपमा आलश्यताका शिकार प्रहरी संगठनमा दर्शन र अवधारणामा परिवर्तन ल्याउनु सजिलो छैन । उनीहरूले पहिलादेखि स्वीकार गरेको अवधारणालाई पुनर्व्याख्या गर्न र उनीहरूले लिएको विश्वासलाई फालेर नयाँ अवधारणा अंगीकार गर्न अनिवार्य छ । यसो नगरेसम्म परिवर्तन सम्भव छैन । अन्तर्राष्ट्रिय सुधारकहरूले प्रहरी अधिकारीहरूको सोच परिवर्तनका लागि गरेको अभ्यास र सामना गरेका चुनौतीहरूको आलोचना गर्नेगरेका छन् । उदाहरणका लागि प्रहरी सुधारका सम्बन्धमा प्राप्त रिपोर्ट अधिकांश सामान्य पुलिसले बुझ्ने भाषामा लेखिएका हुँदैनन् । जो बुझ्छन् (प्रहरीका हाकिमहरू) उनीहरू अवलम्बन गर्न चाहदैनन्, जो चाहन्छन् उनीहरूले रिपोर्ट नै बुझ्दैनन् ।

## ५. कार्यक्षेत्रका अनुभवहरूः व्यवहारमा सामुदायिक प्रहरी

सिएरालिओन, सर्बिया र उत्तरी आयरल्याण्डका तीन घटनाको



सिएरालिओनमा मानवअधिकार तालिम

सन्दर्भलाई हेरेर समुदायमा आधारित प्रहरी सेवाको अवधारणा लागू गर्दा आइपर्ने कठिनाइका सन्दर्भमा जानकारी प्राप्त गर्न सकिन्छ । यी उदाहरणहरूले विभिन्न चरण, सम्भावना र हरेक परियोजनाका उपलब्धि देखाएका छन् । यद्यपि सिएरालिओनले हासिल गरेको सफलताका सम्बन्धमा दृष्टान्त मानेर व्याख्या गर्नु केही हतार पनि हुन्छ । यहाँ केही विरोधाभासपूर्ण उपलब्धिहरू पनि देखापर्दछन् ।

### सिएरालिओन

१९९० सम्म सिएरालिओनले प्रहरी सुधारका लागि कुनै पहल गरेको थिएन ।[५] यस पहलको ६ बर्षपछि प्रहरीको व्यवहार-स्तर र जबाफदेहीतामा भिन्नता स्वतन्त्र मूल्यांकनबाट देखिएको छ । सुरक्षा तथा राजनीतिक बवचनबद्धता, लक्ष्यसम्म पुग्ने बाटो र रणनीति जटिल परिस्थितिमा पनि हासिल गरिएको देखिन्छ ।

सामुदायिक प्रहरी सेवा सुरु गर्नुअघि सेरालिओनमा प्रहरीको व्यवहार डरलाग्दो र समाजका आवश्यकताहरू पूर्तिगर्न प्रतिकूल रहेको सुधारका लागि सिएरालिओन पुगेको ब्रिटिस कमनवेल्थले पाएको थियो । मुलुकका विभिन्न क्षेत्रहरूमा प्रहरीको सेवा पुगेको पनि थिएन । अन्य राष्ट्रिय संस्थाहरूजस्तै सिएरालिओन पुलिस (एसएलपी) पनि सजिलै सुधार हुने मनस्थितिमा थिएन । सरकारले पनि फौजलाई सुधार गर्ने पक्षमा ध्यान दिएन । प्रहरीका धेरै भवनहरू ध्वस्त भएका थिए र प्रहरी अधिकारीहरू कागज र कलमजस्ता अत्यन्त आधारभूत बस्तुको समेत अभावमा थिए । धेरैले बर्षौंदेखि कुनै तालिम पाएका थिएनन् र उनीहरूका पेशाको आधारभूत पक्षहरूमा स्वयं उनीहरू नै अनभिज्ञ थिए । एसएलपीलाई राज्यको दवावपूर्ण फौजका रूपमा ऐतिहासिक कालदेखि नै प्रयोग गरिएकाले र व्यापक भ्रष्टाचारका कारण उनीहरूप्रति जनताले विश्वास नगर्ने अवस्था रहेको थियो ।

यस विसङ्गतिपूर्ण अवस्थालाई हटाएर उनीहरूप्रति जनताको विश्वास जगाउनु आवश्यक थियो । कार्यान्वयन योजनाले समुदायमा आधारित सिद्धान्तलाई जोड दिदै परिवर्तनको परिणामका रूपमा व्यक्तिगत, संस्थागत तथा समाजिक स्तरमा रुपान्तरण ल्याउनु आवश्यक थियो । यही आवश्यकतालाई ख्याल गर्दै व्यक्तिगत स्तरमा प्रहरी अधिकारीहरूलाई तालिम दिइयो । 'स्थानीय आवश्यकता पहिचान गर्न, पीडितलाई सघाउ पुऱ्याउन, घरेलु हिंसा हटाउन र अपराध रोक्न उनीहरूलाई योग्य बनाउन तालिम केन्द्रित थियो । यस्तो तालिम नयाँ नियुक्ति पाएर आएका प्रहरीका लागि मात्र नभई पुराना प्रहरी अधिकारीहरू जसको दिमागमा खिया लागिसकेको थियो र जीवनमा कहिल्यै तालिम पाएका थिएनन्, का लागि पनि थियो ।

'समुदायमा आधारित' दर्शनलाई अंगीकार गर्दै संगठनको व्यापक पुनर्संरचना गरियो । भ्रम र आशंकामा रहेको व्यवस्थापनलाई पारदर्शी बनाएर पुनर्संरचना गरियो । फौजभित्र पदोन्नति र भर्नामा कायम रहेको मनपरी व्यवस्था हटाएर योग्यतामा आधारित बनाउन थालियो । आर्थिक व्यवस्थापनको नयाँ पद्धति अपनाइयो जसले गर्दा भ्रष्टाचार नियन्त्रण भयो । प्रहरी

५. यो अंश आड्रिन हर्नद्वारा गोष्ठीमा प्रस्तुत प्रतिवेदनबाट साभार गरिएको हो ।

अधिकारीहरू जबाफदेही बने । उनीहरूले जनताले दर्ता गराएको उजुरीहरूमा जबाफ दिन सुरु गरे ।

प्रहरी फौजले समुदायसम्म पुग्नका लागि अभियान चलायो । पहिला लामो समयदेखि प्रहरीका लागि अपरिचित रहेको यो क्षेत्र परिचित हुनपुग्यो । प्रहरीको अधिकार, भूमिका, पद्धतिले समुदायको सुरक्षा र बचाऊ गर्ने विषयमा चेतना जगाइयो । गृहयुद्धमा सर्वाधिक प्रभावित महिला तथा बालबालिका र यस्तै अन्य पीडित पक्षलाई केन्द्रित गरेर सुविधा पुऱ्याउने कार्यक्रम ल्याइयो । जनताको सहभागितामा सञ्चालित हुने संस्था नागरिक समाज मञ्चको गठन भयो । यसले समुदायको आवाज प्रहरीसम्म पुऱ्याउने, अपराध रोक्ने, प्रहरीको भूमिका बढाउने र प्रहरीको मूल्यांकनका साधनहरूको पहिचान गर्ने काम गऱ्यो ।

परिवर्तनका लागि राष्ट्रिय राजनीतिक इच्छाशक्तिको जो आवश्यकता थियो, त्यसको स्थिति कमजोर भएकाले संगठित रूपमा अघि बढ्न असजिलो थियो । बिनाइच्छा आर्थिक सहायता प्राप्त भएर पनि अथवा अन्तर्राष्ट्रिय हस्तक्षेप गरिए पनि समयमा काम हुने सम्भावना थिएन । निरन्तर सरकारी सहयोग प्राप्त भएमा मात्र परिवर्तन सम्भव हुने अवस्था थियो ।

## सर्बिया

सर्वियामा नयाँ, पूर्ण र समुदायमा आधारित प्रहरी सेवा संस्थागत रुपमा सुरु गर्दा विभिन्न चुनौतीहरूको सामना गर्नुपऱ्यो ।[६] २००४ सम्म मिलोसेभिकको प्रशासनका बेला राजनीतिक औजारका रूपमा सर्वियाको प्रहरी अत्यन्त फरक स्थितिमा थियो । यसले मुलुकको गृह मन्त्रालयले पूरा गर्नुपर्ने उद्देश्यलाई समेत पहिचान गर्न सकेको थिएन । आधुनिक प्रतिनिधिमूलक र लोकतान्त्रिक प्रहरी सेवाको सम्भावना टाढाको विषय बनेको थियो ।

युरोपमा सुरक्षा र सहयोगका लागि संगठन (ओएससिई) को सहयोगमा प्रहरीलाई विशेष प्रकृतिको तालिम प्रदान गरियो र व्यक्तिगत क्षमता र दक्षता अभिवृद्धि गरी सुधार ल्याइयो । तर, संस्थागत विकास (जस्तो सिएरालिओनमा गरिएको थियो) गरिएन । सम्पूर्ण संगठनलाई नसमेटी व्यक्तिको मात्र क्षमता अभिवृद्धि गरिएका कारण व्यवस्थापन पक्षमा सुधार आउन सकेन र परिवर्तनले स्थायित्व पाएन । रणनीतिक योजना, स्रोत-साधन व्यवस्थापन र कार्यसञ्चालन प्रक्रियाजस्ता विषय र कानुनी/प्रक्रियागत संरचनामा परिवर्तन आउन सकेन । सम्पूर्ण सुधार प्रक्रियालाई हेर्दा प्रहरी अधिकारीहरूमा जे-जति परिवर्तन देखियो त्यो सन्तोषजनक थिएन । जसलाई नयाँ सीपहरू सिकाइयो उनीहरूले त्यस सीपको प्रयोग गर्न सकेनन् ।

दक्षिण सर्बियामा समुदायको सेवालाई लक्षित गरेर महिला प्रहरी अधिकारी र बहुँ-जनजाति प्रहरी सेवाको विकासमा जुन सीप सम्प्रेषण गरियो, त्यसले भने सकारात्मक प्रतिफल देखायो । विशेष सामुदायिक प्रहरी सेवाको नमुना कार्यक्रम सञ्चालन गरिएका क्षेत्रहरूको परिचयमा आधुनिक प्रहरी तालिमको पाठ्यक्रम र सर्बियाली जनताले विश्वास गरेको प्रहरी सेवालाई स्थान दिइएको छ ।

सर्बियामा प्रहरी सेवा सुधार प्रक्रियाका लागि महत्वपूर्ण चुनौतीहरू अझै बाँकी छन् । प्रहरीलाई उत्तरदायी बनाउन संरचनाको विकास हुन सकेको छैन । यसले गर्दा नै प्रहरी सेवा सही अर्थमा पारदर्शी हुनसकेको छैन । आर्थिक व्यवस्थापन पद्धति राम्रो नभएका कारण प्रशासनमा शुद्धीकरण छैन । स्रोत-साधन कुन रूपमा कति खर्च भयो जनताले बुझ्न सकेका छैनन् । व्यवस्थापन संरचना उच्च केन्द्रीकृत अवस्थामा रहेकाले धरातलमा समुदायमा आधारित प्रहरी सेवाको कार्यान्वयनमा वाधा पुगिरहेको छ । म्याद गुज्रिसकेको व्यवस्थापन पद्धति र अपारदर्शी विधिका कारण प्रहरी सेवामा नियुक्ति प्रथालाई जनताले विश्वास गर्नसकेनन् । प्रहरीका क्षेत्रमा राजनीतिक र कार्यसञ्चालन पक्षबीच स्पष्ट रेखाचित्र कोर्न नसकिएका कारण यसको दुरुपयोग भैरहेको छ । समुदायमा आधारित प्रहरी सेवाका लागि कानुनी तथा प्रक्रियागत परिवर्तन आवश्यक थियो । आजका मितिसम्म पनि कानुनी परिवर्तन र कानुनी संरचनाको संशोधनमा केन्द्रित बनेर सर्वपक्षीय सुधार गर्न सकिएको छैन । पुरानै पद्धतिहरू कायम छन् । नयाँ समयको मागलाई रोकेर राखिएको छ ।

अन्तर्राष्ट्रिय समुदायले पनि प्रहरी सुधारका लागि महत्वपूर्ण भूमिका खेल्नसक्छ । दातृ निकायको संयोजन र एकताले योगदान दिन सक्छ । दातृ समूहले सुधारका लागि निर्माण गरेको संरचना स्वभावतः अन्तर्राष्ट्रिय मान्यता प्राप्त विचार हुनसक्छ । यसलाई कार्यान्वयन गर्न सकिए सहयोग र समर्थनको सम्भावना पनि स्वतः बृद्धि हुन्छ ।

## उत्तरी आयरल्याण्डः

उत्तरी आयरल्याण्डको उदाहरणमा प्रहरीप्रतिको जनधारणा पहिचान गर्ने प्रयासः भएको पाईदैन । प्रहरीका गतिविधिमा जनतालाई सहभागी गराइएको र समुदायमा आधारित प्रहरीको दर्शन तथा सुधारका उपायहरू पनि अवलम्बन गरिएको देखिँदैन ।

शाही उल्सर कन्सट्याबुलरीको सुधारका लागि १९९८ को प्रान्तीय ‘गुड फ्राइडे’ सम्झौता केन्द्रमा थियो । एक विज्ञले आफ्नो वक्तव्यका क्रममाः सो सम्बन्धमा सुझाब दिदै भनेका

६. यो खण्ड डा. मार्क डाउन्सले गोष्ठीमा प्रस्तुत गर्नुभएको ‘बहु-जनजाति, द्वन्द्वोपरान्त र संक्रमणकालीन वातावरणमा प्रहरी सुधारको सुनिश्चितताका लागि शान्तिः सर्वियाको अनुभव’ नामक कार्यपत्रबाट साभार ।

थिए- उत्तरी आयरल्याण्डको प्रहरी सेवालाई बढी तटस्थ बनाउन संगठनमा क्याथोलिक र प्रोटेस्टेन्ट समुदायको बराबरी प्रतिनिधित्व हुनुपर्दछ। सो सुझाबलाई सम्झौतामा स्वीकार गरियो। नयाँ फौजको औपचारिक शुभारम्भ २००२ को अप्रिल महिनामा भयो।

बाहिरी समुदायको संलग्नतालाई बेवास्ता गरेर निर्णय प्रक्रिया अघि बढाउने काम भयो, ऐतिहासिक रूपमै प्रहरीमा क्याथोलिक दलहरूको न्यून जनप्रतिनिधित्व रहेको तथ्य स्वीकार गर्दै बराबरी हुनुपर्ने मागलाई केन्द्रविन्दुमा राख्ने काम भएन। यसका लागि नयाँ मञ्च गठन त गरियो तर प्रतिफल देखिएन। उत्तरी आयरल्याण्ड प्रहरी समिति नाम दिएर गठित निर्वाचित राजनीतिज्ञ तथा स्वतन्त्र व्यक्तिहरूको बोर्डले शक्तिको दुरुपयोग गऱ्यो। तल्लो स्तरमा २६ जिल्ला प्रहरी साझेदारी (डिपिपी), राजनीतिज्ञ तथा नागरिक समाजका प्रतिनिधिहरूको जिम्मामा रहेका प्रहरी निकायमा स्थानीय जनताको पहुँच हुन सकेन र स्थानीय प्रहरीलाई अधिकार विकेन्द्रित पनि गरिएन।




केन्यामा प्रहरीको पहुँच

### केन्यामा सेफरवर्ल्ड तथा समुदायमा आधारित प्रहरी सेवा

केन्या सरकारले सेफरवर्ल्ड र स्थानीय नागरिक समाज संगठन सुरक्षा अनुसन्धान तथा सूचना केन्द्र र शान्ति सञ्जालका साथ समुदायमा आधारित प्रहरी सेवाको सुधारका क्षेत्रमा महत्वाकांक्षी कार्यक्रम सञ्चालन गर्ने घोषणा गरेको छ।

सो घोषणाअनुसार समुदायमा आधारित प्रहरी सेवाका विषयमा राष्ट्रिय कार्यक्रमको विकास गरिने छ। यस कार्यक्रमले प्रहरी र स्थानीय समुदायलाई साझा मार्ग निर्देशन गर्दछ। यसले केन्याका दुई प्रहरी फौज केन्या पुलिस र प्रशासनिक प्रहरीका लागि रणनीतिक योजनाको विकास गर्दछ।

उनीहरूको कामको केन्द्रविन्दुमा सेवा प्रदान गर्नु रहेको छ र सोहीअनुसार भूमिका प्रष्ट पार्ने काम भएको छ। समुदायमा आधारित प्रहरी, बरिष्ठ प्रहरी अधिकारी, नयाँ नियुक्ति पाएर आएका अधिकृत र स्थानीय समुदायको नेतृत्वलाई तालिम दिन पाठ्यक्रम बनाइएको छ। यस कार्यक्रममा सञ्चार माध्यमलाई पहुँच दिलाउने, सुधारका लागि चेतना जाग्रित गर्ने, सार्वजनिक शिक्षा प्रदान गर्ने तथा प्रहरीका साथ जनतालाई प्रोत्साहित गर्ने काम भएको छ।

सरकारले दुइवटा छानिएका नमुना क्षेत्र एक शहरी तथा एक गाउँका समुदायमा आधारित प्रहरी सेवा लागू गरेको छ। प्रहरी अधिकारी र सामुदायिक नेतृत्वका लागि सामुदायिक प्रहरी मञ्च स्थापित गरिएको छ। यसले अपराध रोकथाम तथा पीडितलाई सहयोग गर्ने र विकासका लागि सहकार्यका साथ अघि बढ्ने रणनीति बनाएको छ। प्रहरीले यो कार्यक्रम सुरु भएदेखि अपराध नियन्त्रणमा महत्वपूर्ण प्रभाव परेको र मुलुकभर यस दृष्टिकोणको कार्यान्वयन गर्ने इच्छा जार्गत भएको देखिएको छ।

प्रहरी सुधार कार्यले अहिले पनि विभिन्न खालका चुनौतीहरू झेलिरहेको छ। तर यस क्षेत्रमा भएको विकासले प्रगतिका लागि लामो आधार खडा गरेको पनि देखिन्छ। यसबाट विभिन्न पाठहरू सिकिएका छन्- १. सफल सुधारका लागि स्वामित्व र सरकारको सहयोग आवश्यक पर्दछ। सरकारभित्र राजनीतिक सहयोगका लागि उच्चस्तरीय सुधार संरचना स्थापना गर्न सरकारको बचनबद्धता चाहिन्छ। यसले प्रगतिका लागि उपयुक्त वातावरण तयार पार्दछ। २. बृहत् कार्यक्रमको विकासका लागि यहाँ सुस्पष्ट परिभाषाहरू छन् जसले विविध पक्षमा प्रकाश पारेका छन् (उदाहरणका लागि तालिम र नीति निर्माणमा क्रमशः एकसाथ जोड दिइएको छ। ३. सामुदायिक प्रहरी सेवा कार्यान्वयनका लागि आतिथेय सरकार तथा अन्तर्राष्ट्रिय निकाय र स्थानीय नागरिक समाजबीचको साझेदारी निर्माण गर्न कठिन हुन्छ।

जब सबै संस्थाहरू मैदानमा हुन्छन् स्वभावतः तिनीहरूले आ-आफ्नो क्षमता देखाउँछन् । यस अतिरिक्त उनीहरूमाथि रहेको राजनीतिक समर्थनले पनि प्रभाव पार्दछ । यस्ता संस्थाहरूमा प्रहरी सर्वाधिक महत्वपूर्ण भूमिका निर्वाह गर्नसक्ने र पुस्तौं प्रभाव पार्नसक्ने संस्था हो । यसलाई क्याथोलिक समर्थक नभएको देखाउनु र त्यस समुदायबाट भर्ना लिने प्रहरीको संख्या कम हुनु स्वाभाविक छैन । सबैभन्दा ठूलो क्याथोलिक पार्टी सिन फिन र प्रान्तको दोस्रो ठूलो राजनीतिक पार्टीले अहिले पनि प्रहरीको सुधारकार्यलाई समर्थन गर्न मञ्जुर गरेका छैनन् । उनीहरूको दृष्टिकोणमा प्रहरीले विश्वसनीयताको आसन लिन सकेको छैन । यसको अर्थ हो, प्रहरीको सन्दर्भ दैनिक वादविवादको विषय बन्दैन र प्रहरीको सुधारको चर्चा पनि हुँदैन । प्रहरीसँगको संलग्नता व्यक्तिगत हानीकारक हुनसक्छ- डिपिपिका सदस्यहरूमाथि भौतिक रूपमा समेत आक्रमण भएको र धम्कीको शिकार बनेको अवस्था छ। अर्को समस्या तीव्र सार्वजनिक अरुचिको पनि हो । समुदायमा आधारित जुन अवधारणा हो त्यसको अन्तरात्मा सार्वजनिक संलग्नता र हितमा निहित छ तर जनता प्रहरीसंग सहकार्य गर्नसक्ने अवस्थामा देखिदैनन् । व्यापक रूपमा प्रचार गरिएको प्रहरी र समुदायबीचको सहकार्यले कुनै उपलब्धि हासिल गर्न सकेको छैन । उत्तरी आयरल्याण्डमा प्रहरीले जनसमर्थन र सहभागिता त पाउन सकेको छैन नै साथमा समुदायमा आधारित प्रहरीको निरुत्साह र आशंका परिचय हुन पुगेको छ ।

## ६. समुदायमा आधारित प्रहरीः कार्यान्वयन संरचना

प्रहरी सुधार कार्य द्वन्द्व व्यवस्थापन रणनीतिको एक महत्वपूर्ण अंग हो । यसले सुधारका लागि संगठनहरूबीच सहकार्य आवश्यक पर्दछ । त्यसैले सुधार कार्य जटिल प्रकृतिको हुन आउँछ । गोष्ठीको पहिलो दिन प्राप्त सुझावअनुसार प्रहरी सेवा सुधारका लागि बनेको संरचनाका सन्दर्भमा प्रष्ट पार्न आवश्यक थियो । दोस्रो दिनको मार्ग निर्देशनले कहिले, कसरी र कोसंग मिलेर समुदायमा आधारित प्रहरी कार्यक्रम कार्यान्वयन गर्नुपर्छ भन्ने सन्दर्भमा प्रकाश पार्‍यो ।

सहभागीहरूले विकास गरेको कार्यान्वयन संरचनाले व्यवस्थापन, सन्दर्भ सापेक्षता र योजनालाई जोड दियो । योजना पद्धतिमा समुदायमा आधारित प्रहरी सेवाको कार्यान्वयनका सन्दर्भमा प्रमुख विषेशताहरू पहिचान गर्नु आवश्यक रहेको ठहर गरियो ।

सन्दर्भ संलग्नताको समयावधि र समय रुपरेखा तयार पार्नु पर्दछ । यसको प्रारम्भ गर्ने समय अत्यन्त उपयुक्त हुनु पर्दछ । उदाहरणका लागि (काम राष्ट्रिय नीतिको एक अंगका रूपमा, स्थानीय नमुना परियोजनाको कार्यान्वयन अथवा दुवै रूपमा) र प्रहरी सेवाको निश्चित पक्षहरूमा थप जोड दिनु आवश्यक छ । (जस्तै भ्रष्टाचार अथवा मानव अधिकार हनन्) यसको संरचना आठ प्रमुख सिद्धान्तहरूका आधारमा तयार हुन्छ । 'अत्यन्त सफल पक्षहरू' को श्रृंखलाका साथ यसको प्रयोग गरिन्छ । सफलताको अवसर अभिबृद्धिका लागि यी बुँदाहरूको पूर्ण अथवा आंशिक उपस्थिति आवश्यक छ ।

कार्यान्वयन संरचना चार भिन्न भागमा विभाजन गरिन्छ- पूर्व संलग्नता विश्लेषण तथा उपलब्धि, योजना, कार्यान्वयनको व्यवस्थापन र मूल्यांकन तथा कमजोरी ।

### क) प्रमुख सिद्धान्त

प्रमुख सिद्धान्तका बुँदाहरू एक-आपसमा सम्बन्धित र परिपूरक छन् । कार्यान्वयनका सम्पूर्ण चरणमा एकसाथ धेरै सिद्धान्त लागू भैरहेका हुन्छन्-

१. अन्तर्राष्ट्रिय पात्रहरूको भूमिका सुधार प्रक्रियामा सघाउने र सहज बनाउने हो तर निर्देशन वा नेतृत्व गर्ने होइन । योजना निर्माण कार्यान्वयन, अनुगमन तथा मूल्यांकन प्रक्रियामा बढीभन्दा बढी स्थानीय सरोकारवालाहरूलाई संलग्न गराउनुपर्छ ।

२. सुधार प्रक्रियाको संरचना सापेक्ष हुनुपर्छ । यो समयअनुसार संशोधन गर्न मिल्ने, पारदर्शी र परामर्शका आधारमा निर्माण गरिएको हुनुपर्छ ।

३. समुदायमा आधारित प्रहरी सेवा, प्रहरी र सर्वसाधारणको दुवै पक्षमा पर्याप्त ध्यानदिनु पर्छ । दुवै पक्षमा सुधार प्रक्रियाका क्रममा सघन दबाब दिनु आवश्यक हुन्छ ।

४. अन्तर्राष्ट्रिय निकाय र आतिथेय सरकारको संलग्नताबीच साझा समझदारी हुनु आवश्यक छ । यदि सुरुदेखि नै यसो गरिएन भने यसमा भ्रम, मिश्रण र अनुपयुक्तताको जोखिम सिर्जना हुन्छ ।

५. स्थायित्वका लागि प्रक्रियाका हरेक चरणमा विभिन्न स्तरका प्रहरी कर्मचारीहरूको (माथिल्लो व्यवस्थापनका व्यक्तिमात्र होइन) संलग्नता आवश्यक छ ।

६. समुदायमा आधारित प्रहरी सुधार कार्यलाई भिन्न एक कार्यका रूपमा हेरिनु हुन्न बरु सुधार प्रक्रियामा अपराध-न्यायको विस्तारका लागि आवश्यक अवयवका रुपमा बुझ्नु

   पर्दछ । यसको अर्थ कार्यान्वयनमा संलग्न पात्रहरूबीच सहकार्यको आवश्यकता छ भन्ने नै हो । अपराध-न्याय प्रतिष्ठान, परामर्शदाता र प्रहरी यसका प्रमुख पात्रहरू हुन् ।

७. कार्यक्रम स्रोतका साथ मिल्नु र वास्तविकमा आधारित हुनुपर्छ ।

८. क्षमता निर्माण अन्तर्राष्ट्रिय सहायता बन्द भएको बेलामा पनि चल्नसक्ने स्थायी हुनुपर्दछ ।

### ख. सफलताका न्यूनतम आधार

अत्यन्त मजबुतिका साथ प्रस्तुत यी तत्वहरू समुदायमा आधारित प्रहरीबारे बुझ्न उपयुक्त वातावरण हुनु आवश्यक छ।

**१. मुलुकमा कम्तिमा न्यूनतम स्तरको कानुनी व्यवस्था**

प्रहरी सुधारबारे बुझ्न केही ठाउँ र समय लगानी गर्नु आवश्यक छ। सुधारका लागि आवश्यक यन्त्र-उपकरण र सर-सुविधा शीघ्रताका साथ परिचालनका लागि चलाखीपूर्ण तरिकाले अन्तर्राष्ट्रिय उपस्थिति उपयोग गर्नसक्नु पर्दछ।

**२. परिवर्तनका लागि प्रोत्साहित सन्दर्भ र राजनीतिक इच्छाको प्रदर्शन**

विभिन्न चरणमा सरकार तथा प्रहरीको सुधारका लागि राष्ट्रिय राजनीतिक समर्थन आवश्यक छ। प्रहरीका वरिष्ठ अधिकारीहरूमा परिवर्तनका लागि इच्छाशक्ति भए पनि मध्यम स्तर तथा तल्लो श्रेणीमा सो मनस्थिति छैन भने काम गर्न कठिन हुन्छ। सरकारका तर्फबाट प्रहरी-समुदायमा सम्बन्ध सुधार गर्ने वचनबद्धता व्यक्त हुनु आवश्यक छ। यही मानसिकता प्रहरीको माथिल्लो स्तरमा पनि हुनु आवश्यक छ। (माथिल्लो स्तर भन्नाले शक्ति हातमा रहेका व्यक्ति हुन्।) भ्रष्टाचार, मानव अधिकार हनन् र प्रहरी फौजभित्र चाहिनेभन्दा बढी शक्तिको प्रयोगमा सुधार ल्याउन उपयुक्त तरिकाले स्रोत-साधनको बाँडफाँड हुनुपर्छ र जनताका लागि प्रहरीको जबाफदेहीताको मापन गर्नसक्नुपर्दछ।

यस्ता कार्य तथा बचनबद्धता मुलुकका विज्ञहरूले प्रयोग गर्न सक्छन्। अन्तर्राष्ट्रिय कूटनितिज्ञ, स्थानीय सांसद तथा अन्तर्राष्ट्रिय र राष्ट्रिय नागरिक समाज संगठनहरू, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संगठनहरूको प्रतिवेदनले यस्ता कार्यका लागि दिमाग लगाउन सक्छन्।

**३. प्रहरीभित्र आधारभूत व्यवस्थापन सीपः**

आधारभूत व्यवस्थापन क्षमता सुधार प्रक्रिया बुझ्न आवश्यक छ। यदि व्यवस्थापन सीप छैन भने क्षमता निर्माणलाई प्राथमिकता दिनु आवश्यक हुनसक्छ।

**४. नागरिक समाजको संलग्नताः**

समुदायमा आधारित प्रहरी सेवा कुनै पनि प्रकारको सार्वजनिक अथवा नागरिक समकक्षीको संलग्नता गराएर प्रहरी अघि बढ्न सकेमा मात्र प्रभावकारी रूपमा व्यवहारमा उतार्न सकिन्छ। नागरिक समाज र प्रहरी शान्ति तथा सुरक्षाका सम्बन्धमा सहकार्य गर्नु आवश्यक छ। तिनीहरूले यसका लागि राजनीतिक ठाउँ सुनिश्चित गर्नुपर्छ।

**५. दातृनिकायको सहयोग र समर्थनः**

दातृ निकायहरूबीच कार्यक्रम सञ्चालन, रणनीति र क्रियाकलाप तर्जुमाका विषयमा समन्वय हुनु आवश्यक छ। सहयोगी मानसिकताका साथ अघि बढ्नुपर्छ। मध्यकालदेखि दीर्घकालसम्मको सुधार प्रक्रियाको समयावधि पूरा गर्न दातृ संस्थाको वचनबद्धता आवश्यक छ। निश्चित अपेक्षा पूर्ति गर्नका लागि पर्याप्त स्रोत उपलब्ध गराउनै पर्छ, अन्यथा लक्ष्य पूरा हुन सक्तैन।

### ग. संरचना कार्यान्वयन

**चरण १ः पूर्व-संलग्नता विश्लेषण तथा मूल्यांकनः**

समुदायमा आधारित प्रहरी सेवामा समय-सान्दर्भिक विश्लेषण तथा मूल्यांकन आवश्यक हुन्छ। योजना तथा रुपरेखा निर्धारण, स्रोत-साधनको प्राप्ति, कार्यान्वयन, अनुगमन तथा अपेक्षित सहभागितालगायतका विषयमा मूल्यांकन विश्लेषण हुनुपर्दछ। जानकारी प्राप्त गर्ने पद्धति विस्तारित र परामर्शमा आधारित हुनु आवश्यक छ। प्रहरी, सरकार र नागरिक समाजले यस विषयमा अर्थपूर्ण संलग्नता देखाउनुपर्छ। उपलब्धिका लागि हतार गरेर हुँदैन, आवश्यकता के हो र प्राथमिकताका विषय के हुन् भन्ने सन्दर्भमा मूल्यांकनकर्ता समूहको प्रतिवेदन प्राप्त हुनुअघि नै हतारमा कार्यक्रममा हात हाल्नु हुँदैन।

प्रहरी तथा अपराधको साँघुरो क्षेत्रभन्दा बाहिर गएर सामुदायिक प्रहरी सेवामा विश्लेषण तथा खोजी हुनु पर्दछ। सामाजिक, आर्थिक तथा राजनीतिक विषयमा प्रहरी तथा समुदायबीचको सहकार्यमा काम हुनुपर्छ। यो काम अघि बढाउन फराकिलो दृष्टिकोण र सीपको आवश्यकता पर्दछ। सामाजिक जनसांख्यिकीमा प्रहरीको ज्ञान, अनुभव, सामाजिक मूल्यांकन, कानुनी र ऐतिहासिक स्थितिका बारेमा जानकारी चाहिन्छ। यस्तै, आर्थिक दृष्टिकोणले कार्यक्रम वास्तविक र आवश्यक हुनु पर्दछ। बीचमै आर्थिक समस्या नपरोस् भन्ने दिशामा सोचिनुपर्दछ।

प्रहरी सेवाको लैङ्गिकताको दृष्टिकोणबाट पनि मूल्यांकन र विश्लेषण गरिनुपर्दछ। महिलाको शान्ति-सुरक्षा र न्यायलाई पनि सामुदायिक प्रहरीले प्राथमिकता दिनुपर्दछ। महिलाको जीवन र अवस्थालाई व्यापक प्रभाव पार्ने निश्चित विषय, आवश्यक उपयोगी कानुन र धार्मिक अभ्यासलाई पनि उत्तिकै महत्व दिन सक्नुपर्छ। यी विषयहरू ठीक त्यस्तै महत्वपूर्ण छन् जस्तो सम्पत्तिको स्वामित्व, विवाह र सम्बन्धविच्छेद, विधवा र बालबालिको अवस्था, बाल यातना, कानुनी तथा धर्मपुत्र/पुत्री स्वीकार, राष्ट्रिय अखण्डता र सत्ता हस्तान्तरणआदि विषय हुने गर्दछन्। महिलाको पहुँचभित्र

उनीहरूको आफ्नै परिवार तथा परम्परागत संरचना, उनीहरू वसोवास गर्ने समाज, प्रहरी, न्याय वा अदालत, न्यायाधीश तथा जिल्ला प्रशासन कार्यालयका कर्मचारीहरू आउनुपर्दछ ।[७]

अध्ययनले नौ आदर्श स्वरुप प्रस्तुत गरेको छ-

*१.१ जोखिम तथा द्वन्द्व विश्लेषण*

मुलुकको असुरक्षा तथा अपराधपूर्ण गतिविधिका कारण सामाजिक, आर्थिक तथा राजनीतिक अवस्था प्रभावित हुन पुग्दछ । प्रहरीको सक्रियता र सतर्कताका कारण यी विभिन्न क्षेत्रमा हुने जोखिम न्यूनीकरण हुन आउँछ । प्रहरीको सक्रियताका कारण समाजमा सकारात्मक पक्ष र प्रभाव वृद्धि हुन पुग्दछ भने नकारात्मक प्रभावमा न्यूनीकरण हुन्छ । अध्ययनमा देहायका पक्षहरू समावेश गरिन्छन्-

- संक्रमणकालीन समाज अथवा द्वन्द्वपछिको अवस्थामा भड्किनसक्ने संरचनागत तथा घटनाप्रधान दुवै सामाजिक, आर्थिक तथा राजनीतिक विषयहरूमा हिंसात्मक द्वन्द्व ।
- प्रहरी संगठनको संरचना, परिपूर्ति तथा पद्धतिमा द्वन्द्वको प्रभाव ।
- द्वन्द्वका विस्तारित कारणहरूको सम्बोधन गर्ने प्रक्रिया ।

*१.२ अपराध प्रवृत्ति विश्लेषण*

मुलुकको अपराध समस्या र त्यसले समाज तथा आर्थिक क्षेत्रमा पार्ने प्रभावको पहिचान प्राप्त तथ्यांकका आधारमा गरिनु पर्दछ । प्राप्त तथ्यांकलाई अन्य जानकारीका आधारमा पुष्टि तथा विश्लेषण गर्ने, अपराध तथा असुरक्षाको दृष्टिकोण मूल्यांकन गर्ने सुधार प्रक्रियाको प्रारम्भमा अपराधको स्थिति अध्ययन गरी अभिलेख बनाउने र कार्यक्रम सञ्चालन हुँदै जाँदा भएको सुधारलाई मूल्यांकन गरेर हेर्नुपर्दछ ।

गुणात्मक तथा संख्यात्मक परिसूचकहरूको प्रयोग गर्नुपर्दछ । जब अपराध हुन्छ त्यो अप्रत्याशित रुपमा हुन्छ । कुनै क्रमअनुसार सिलसिलाबद्ध रूपमा अपराध नहुन सक्छ । अधिकांश यी तथ्यांकहरू अपराधको बास्तविक स्तरको प्रस्तुति कहिले काहीं मात्र देखिने तथ्य प्रहरीमा आउने उजुरीहरूले साबित गर्दछन् । त्यसैले अपराधका घटना आकस्मिक र अनपेक्षित हुने भएकाले समाज बढी प्रभावित हुने गर्दछ । अपराध विश्लेषणका लागि सामान्य औजारको प्रयोग मात्र पर्याप्त हुँदैन, यसका लागि जनताको दृष्टिकोणको सर्वेक्षण, सञ्चारमाध्यमको रिपोर्ट, घटनाको व्याख्याआदि सम्पूर्ण पक्षका सम्बन्धमा समस्याको प्रभाव देखाउन समष्टिगत विश्लेषण आवश्यक पर्दछ । अपराध विश्लेषण गर्दा देहायका बुँदामा ध्यान दिनुपर्छ-

- अपराध र त्यसको स्रोतको प्रमुख कारण ।
- क्षेत्रीय, ग्रामीण तथा शहरी क्षेत्रमा हुने आपराधिक घटनाको चिरफार ।
- समाजको विशेष समूहसंग सम्बन्धित समस्याको विश्लेषण (उदाहरणका लागि महिला, विशेष धार्मिक अथवा जनजाति समूह)
- शान्ति-सुरक्षा समस्याहरूको सम्बोधन हुने क्रममा प्रहरीको भूमिका र अन्य संरचनाहरूः (उदाहरणका लागि परम्परागत न्यायिक संरचना, न्यायपालिका)
- समस्याहरूको मूल जरोको पहिचान- घटना अपराधसंग मात्र सम्बन्धित छन् वा अन्य पक्षसंग पनि सम्बन्धित छन्, द्वन्द्वसंग सम्बन्धित अथवा मिश्रित प्रकृतिका हुन् ।
- अपराधको आर्थिक तथा सामाजिक प्रभावको पहिचान ।

*१.३. प्रहरी संगठनको विश्लेषण*

प्रहरीको सांगठनिक शक्ति र कमजोरी पहिचान गर्नु आवश्यक छ, जसले गर्दा यसको क्षमता अभिबृद्ध गर्न सकियोस् । यस अध्ययनको एक भाग प्रहरी कर्मचारीको पनि सर्वेक्षण हुनु पर्दछ । यसका लागि संगठनका सबै स्तरका कर्मचारीलाई सर्वेक्षणमा समेट्नु आवश्यक हुन्छ । संगठनप्रति उनीहरूको धारणा, व्यवस्थापन र भूमिका सर्वेक्षणका विषयहरू हुन् । यस अध्ययनमा देहायका बुँदाहरू समावेश गरिनु पर्दछ-

- मौजुदा प्रहरी सेवा संगठन र राजनीतिक संगठनका साथ यसको सम्बन्धको क्षमता, संरचनाको रुपरेखा, स्रोत-साधन, कार्यादेशका विषयहरू अध्ययनमा पर्दछन् ।
- प्रहरी संगठनभित्र औपचारिक तथा अनौपचारिक संस्कृति र अवधारणा के छ त्यसको जानकारी प्राप्त गर्ने ।
- प्रहरीको आर्थिक स्रोत र त्यसको व्यवस्थापन मूल्यांकन गर्ने
- भ्रष्टाचारको स्तर र यसको कारणलाई ध्यान दिने ।
- प्रहरीको आन्तरिक सञ्चार पद्धतिको जानकारी लिने ।

*१.४. प्रहरीको अवधारणामा आधार-रेखा सर्वेक्षणः*

प्रहरी तथा जनता दुवैको अवधारणा प्रमुख विषय हो । शान्ति-सुरक्षाका मुद्दाहरूमा प्रहरीले के गर्दैछ र के गर्नसक्छ भन्ने विषयको कसरी सम्बोधन गर्ने भन्ने सवालहरू अध्ययनका क्षेत्र हुन् । यस सर्वेक्षणले देहायका पक्षहरू समेट्नु पर्दछ-

- मुलुकको प्रहरी सेवाका समस्याहरूः (भ्रष्टाचार, संगठित अपराधमा संलग्नता, सार्वजनिक विश्वासमा कमी, प्रहरी

७. 'डब्लुएलएसए मुलुकहरू (बोत्वाना, लेसोथो, मलावी, मोजाम्बिक, स्वाजिल्याण्ड, जाम्बिया तथा जिम्बाब्वे) मा रहेको लैङ्गिक विविधताको विवेचना,' विषयक कार्यपत्रमा आधारित । कार्यपत्र दक्षिण अफ्रिकामा महिला तथा कानुन (डब्लुएलएसए) अनुसन्धान तथा शिक्षा कोषका सारा मुदुदुले प्रस्तुत गर्नुभएको हो । कार्यपत्र लण्डनमा २६-२८ जुन २००१ मा आयोजित 'लोकतन्त्रलाई न्यायिक बनाउने अभ्यास' विषयक गोष्ठीमा प्रस्तुत ।

र सेनाबीच भूमिकाबारे अस्पष्टता)

- समाजका सम्पूर्ण सदस्यको उपचारमा प्रहरीको भूमिका ।
- प्रहरीले अंगीकार गरेको प्राथमिकता र त्यसको आधार वा दृष्टिकोण ।
- प्रहरीको सार्वजनिक अपेक्षा ।
- प्रहरी तथा जनताबीचको सम्बन्धको प्रकृति ।

*१.५ कानुनी तथा संवैधानिक संरचनाको पुनरावलोकन,*

कुन प्रहरीले कानुनी, संवैधानिक तथा नियन्त्रणात्मक संरचना अपनायो वा अपनाएन भन्ने विषयमा पुनरावलोकन हुनुपर्दछ । कानुनी तथा संवैधानिक संरचनालाई सवल बनाउन सुधार प्रक्रियामा ध्यान दिनुपर्दछ । कानुनी तथा संवैधानिक संरचनाको स्थापनाले सुधार प्रक्रिया अघि बढाउन संवैधानिक तथा कानुनी पक्षमा कस्तो संशोधन आवश्यक छ र समुदायमा आधारित प्रहरीलाई सहयोगका लागि कुन प्रावधानमा परिवर्तन ल्याउनु पर्छ भन्ने पहिचान हुनु आवश्यक हुन्छ । पुनरावलोकन देहायका विषयमा हुनुपर्छ-

- सम्बन्धित कार्य, आचारसंहिता र विधान जसले प्रहरीको व्यवहारलाई कानुनी रुपमा निर्देशित गर्दछ ।
- क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संरचना र सन्धिहरू (उदाहरणका लागि मानवअधिकार महासन्धि) मा प्रहरी शान्ति-सुरक्षासंग सम्बन्धित प्रावधानहरू । प्रहरीको भूमिकाको संवैधानिक परिभाषा ।
- समुदायमा आधारित प्रहरीलाई निर्देशित गर्न कानुनी परिवर्तनको आवश्यकता ।

*१.६ प्रहरी तथा विस्तारित अपराध-न्याय र सुरक्षा क्षेत्र बीचको सम्बन्ध मूल्यांकन*

आपराधिक न्याय पद्धतिको केन्द्रीय तत्वका रूपमा सुरक्षा क्षेत्रसंग सरोकार राख्ने सर्वाधिक आधिकारिक अंग प्रहरी नै हो । त्यसैले उसको भूमिका पहिचान गर्ने र प्रहरी तथा अन्य संस्थाबीचको सम्बन्धहरूलाई मूल्यांकनको दायरामा ल्याउने कार्य हुनु आवश्यक छ-

- आपराधिक न्याय क्षेत्रको विस्तारित मूल्यांकन हुनुपर्दछ । अदालत र सजाय पद्धति तथा प्रहरीसंग यसको सम्बन्ध प्रष्ट हुनुपर्दछ ।
- प्रहरी तथा अन्य सुरक्षा क्षेत्रका प्रतिष्ठानहरूबीचको सम्बन्ध । उदाहरणका लागि सैनिक तथा गुप्तचरी सेवा ।
- विस्तारित आपराधिक न्याय पद्धति र/अथवा सुरक्षा पद्धतिमा प्रहरी तथा अन्य क्षेत्रबीचको सम्बन्ध ।
- समुदायमा आधारित प्रहरीको सुधारका लागि आवश्यक पर्ने सरोकारका पक्षहरू ।

*१.७ शान्ति-सुरक्षासँग सम्बन्धित मौजुदा सामाजिक तथा शासकीय संरचनाको पुनरावलोकन*

सार्वजनकि सुरक्षाको विश्लेषणका लागि सबल अनौपचारिक संरचनाको उपस्थिति आवश्यक छ । यस्तो समाज, आधिकारिक प्रहरी संरचनाहरू विस्तारित रुपमा जनताबाट पतन हुन पुग्छन् । मौजुदा संरचनाको पुनरावलोकन प्रायः प्रहरी तथा समुदायबीचको विश्वास बढाउने साधनका रुपमा विकास भएका र प्राथमिकता पाएका हुन्छन् । नयाँ अवधारणालाई स्वीकार गर्नुभन्दा मौजुदा मान्यतालाई नै संशोधन गरेर चलाउने मान्यता रहन्छ । यी पद्धतिहरूको जानकारी पाउनु आवश्यक हुन्छ । यसले उनीहरूको कानुनी स्तर र योगदानलाई सकारात्मक तथा नकारात्मक दृष्टिकोणले विश्लेषण गर्दछ र शान्ति-सुरक्षाको स्थिति सिर्जना गर्न आवश्यक पूर्वाधार तयार पार्दछ । पुनर्संरचनाको रेखाचित्र निर्माण पद्धतिमा देहायका पक्षहरू समावेश हुनु आवश्यक छ-

- जनताको शान्ति-सुरक्षा तथा द्वन्द्वव्यवस्थापन (कानुनी तथा समस्यायुक्त संरचना भन्नाले गाउँको जेठोलाई मान्ने परम्परागत संरचना, हतियारधारी समूह, छरछिमेकको निगरानी, निजी सुरक्षा निकायहरू आदि) संरचनाको विश्लेषण ।
- मुलुकको अनौपचारिक संयन्त्र, त्यसको कानुनी आधिकारिकता/सहायता र प्रभाव/असरको मात्रा पहिचान ।
- अनौपचारिक तथा औपचारिक सम्पर्क/सहयोग विस्तार, सार्वजनिक सुरक्षाका लागि राज्यद्वारा लगानी गरिएको संरचना (प्रहरी, न्यायप्रणाली आदि)
- समुदायमा आधारित प्रहरी सेवाको कार्यान्वयनको विस्तारित कार्यक्रम उपयुक्त मौजुदा संरचनाको समायोजनमा हुने अवसर र चुनौती ।

*१.८ सरोकारवाला तथा नेतृत्व विश्लेषणः*

स्थायी प्रकृतिको कुनै पनि सुधार प्रक्रियाका लागि स्थानीय सरकार र नेताहरूको संलग्नता र सिर्जनात्मक सहयोग आवश्यक पर्दछ । सुधारका सूत्रधारहरूले जनता, सरकार र नागरिक समाज (राष्ट्रिय, क्षेत्रीय, जिल्ला, नगर आदि स्तरका) प्रमुख व्यक्तिहरूलाई प्रष्ट पहिचान गर्नसक्नु पर्दछ । यस सम्बन्धमा पहिचान गर्नुपर्ने अन्य पक्षहरू पनि छन् । जस्तै-

- समुदायमा आधारित प्रहरीका प्रमुख सरोकारवाला (सामान्य प्रहरी, सामुदायिक संरचना, विस्तारित स्वरुपको नागरिक समाज, संसद्, निजी क्षेत्र, सरकार इत्यादि)
- सुधारका पक्षमा रहेका प्रमुख सरोकारवालाहरू वा चेन्ज एजेन्ट

- सुधारका विरुद्ध रहेका प्रमुख सरोकारवाला वा विपक्षीहरू तथा उनीहरूले कसरी विरोध गरिरहेका छन् भन्ने पक्ष ।

*१.९ आर्थिक परीक्षण तथा सामर्थ्य*

आर्थिक रुपले नसघाउने हो भने कुनै कार्य सम्भव छैन । वित्तीय आवश्यकताको सही पहिचान र स्थानीय सरकारको भार वहन क्षमता तथा प्रहरी संगठनमा स्रोत-साधनको बाँडफाँड महत्वपूर्ण पक्ष हुन् । बजेट तर्जुमा वास्तविकतामा आधारित हुनुपर्दछ भने सम्बन्धित पक्षलाई ठीक समयमा त्यसको जानकारी हुनु पनि आवश्यक हुन आउँछ । मौजुदा राष्ट्रिय स्रोत-साधनको आर्थिक प्रयोग प्रभावकारी रुपमा गर्न प्रोत्साहित गरिनु पर्दछ, जसले गर्दा सरकार तथा प्रहरीले आर्थिक स्थायित्व प्राप्त गर्न सक्तछन् । आर्थिक विश्लेषणका लागि प्रमुख बुँदाहरू देहायबमोजिम रहेका छन्-

- अन्तर्राष्ट्रिय आर्थिक सहयोगको स्तर ।
- आतिथेय सरकार र प्रहरी फौजको मौजुदा सहन शक्ति ।
- स्रोत-साधनको प्रयोगमा प्राथमिकता ।
- अन्तर्राष्ट्रिय स्रोत-साधनका साथ स्थानीय स्रोतको परिचालन ।
- समुदायमा आधारित प्रहरी सुधारका लागि आवश्यक थप आर्थिक स्रोत ।

**चरण २ः कार्यक्रमको रुपरेखा निर्माण तथा योजना**

योजना र रुपरेखाको चरण कार्यक्रम रणनीति र प्राथमिकता निर्धारण गर्नका लागि पूर्व-मूल्यांकन तथा विश्लेषणका आधारमा तयार पारिन्छ । यस चरणमा पहिलो चरणमा जस्तै स्थानीय सरकारको सरसल्लाहमा अघि बढ्ने काम हुन्छ । दातृ निकाय/अन्तर्राष्ट्रिय पात्रहरू र सरकार कार्यक्रम र भूमिका तथा सबैको दायित्वका सम्बन्धमा स्पष्ट रुपले सम्झौता गर्नुपर्दछ । आवश्यकताका आधारमा समुदायमा आधारित प्रहरीले लचकता अपनाउन र विशेषता तथा सिद्धान्तहरूको अवलम्बन गर्न सक्नुपर्दछ । योजनाको चरण प्रहरी कर्मचारीको मध्य तथा निम्न चरणका प्रहरी कर्मचारीहरूसमेत योजना चरणमा संलग्न हुन्छन्, माथिल्लो स्तरका व्यक्तिमात्र योजनामा संलग्न हुँदैनन् । सामान्यतया परम्परागत प्रहरी संगठनमा माथिल्लो स्तरले कार्यान्वयनका लागि आदेश दिने कार्य गर्दछ तर सामुदायिक प्रहरी सेवामा यस विधिमा पनि सुधार हुन्छ । प्रहरी तथा सर्वसाधारण व्यक्तिहरूबीच उपलब्ध श्रेणीका विषयमा वास्तविक महत्वका आधारमा अन्तरक्रिया हुनु र उनीहरूको क्षमता र कार्यान्वयन तत्परताका आधारमा कार्यान्वयनको जिम्मेवारी तोक्नु आवश्यक छ ।

योजना निर्माण चरणका पाँच विशेषता रहेका छन् -

*२.१ संलग्नताको प्राथमिकता व्याख्याः*

संलग्नताको प्राथमिकताको व्याख्या गर्दा देहायका बुँदाहरू संलग्न हुनु आवश्यक छ-

- मूल्यांकन तथा विश्लेषणको चरणबाट प्राप्त प्रमुख सुरक्षा चुनौतीहरू ।
- विशेष क्षेत्र तथा सामाजिक समूह, सुरक्षा तथा यस सम्बन्धी समस्याका खास क्षेत्रमा केन्द्रित ।
- समुदाय/सार्वजनिक तथा प्रहरीद्वारा निरुपण गरे अनुसारको प्रहरी सेवाको प्राथमिकता ।

*२.२ प्रक्षेपणको उद्देश्य निर्धारणः*

सामुदायिक प्रहरी सेवा सुरु गर्नुपर्ने कारणको खोजी नै प्रक्षेपणको उद्देश्य निर्माण हो । प्राथमिकताको पहिचान गर्दा प्रक्षेपण वा हस्तक्षेपको विशेष उद्देश्य उद्घोष गर्नु आवश्यक छ । जे गरिन्छ त्यो कुन समय सीमाभित्र कसले र कसको जिम्मेवारीमा पूरा गरियो सो बास्तविक तथा विशेष रुपमा इंगित गरिनु पर्दछ ।

देहायका विषयमा परिवर्तन गर्ने उद्देश्य हुनुपर्दछ-

- प्रहरी सेवाको शैली तथा प्रभावकारिता ।
- समुदायमा आधारित प्रहरीमा सहभागिताका लागि समुदायको भूमिका र क्षमता ।
- प्रहरी संगठनको संरचना ।
- प्रहरी तथा जनताबीच सम्बन्ध ।
- प्रहरीको जवाफदेहिता
- प्रहरी-अपराध-न्याय पद्धतिबीच सम्बन्ध ।

*२.३ उपयुक्त आर्थिक कार्ययोजना*

कार्ययोजनाको प्राथमिकता तथा उद्देश्यअनुसार विशेष क्रियाकलाप अवलम्बन गरिन्छ । यी क्रियाकलापहरूको क्रम-निर्धारण हुनुपर्छ र खास काम खास व्यक्तिले गर्ने भनी जिम्मेवारी तोक्नुपर्दछ । पर्याप्त स्रोतको कार्यान्वयन गरिए मात्र उद्देश्य तथा कार्ययोजना पूरा हुन्छ । यसका लागि प्रभावकारी रुपमा व्यवस्थापन हुनु आवश्यक छ । कार्ययोजनामा अमुक कार्य पूरा गर्नका लागि चाहिने आवश्यक बजेट पनि समावेश हुनुपर्छ । आर्थिक कार्ययोजनामा यी पक्षहरू समेटिनुपर्दछ-

- हरेक उद्देश्य पूरा गर्नका लागि विशेष क्रियाकलापको अवलम्बन ।
- अमुक क्रियाकलापमका लागि विशेष व्यक्तिको जिम्मेवारी निर्धारण ।
- लागत तथा मानव स्रोतको आवश्यकता ।
- समय सापेक्षता ।
- अन्तर्राष्ट्रिय तथा राष्ट्रिय कोषको स्रोत निर्धारण ।
- बजेट निर्माणमा हुनसक्ने त्रुटि हटाउने र जिम्मेवारी तोक्ने व्यवस्था ।

*२.४ अनुगमन तथा मूल्यांकनका लागि सूचक तथा मापकहरूको निर्धारण:*

अनुगमन तथा कार्यान्वयनका लागि सूचक तथा मापकहरूको विकास गरिनुपर्दछ। ती वास्तविक, सरल, थोरै खर्च र त्रुटि हटाउने पक्षमा व्यवस्थापन भएको र उपयुक्त संरचनायुक्त हुनुपर्दछ। मूल्यांकन तथा अनुगमन प्रक्रियाले मध्यावधि परीक्षण गर्दै कार्यान्वयनमा कुनै अवरोध सिर्जना भएमा हटाउने र संशोधन हुने काम हुनु पर्दछ। परिसूचकहरू देहायबमोजिम हुनुपर्दछ-

- प्रगति मापन उपकरण गुणात्मक तथा परिमाणात्मक दृष्टिले सन्तुलित हुनुपर्छ। परीक्षण सूचीले गुणात्मक तथा संख्यात्मक परीक्षण मापन गर्नुपर्दछ। परिवर्तनलाई देखाउने पक्षमा परिसूचकहरू संवेदनशील हुनु पर्दछ।
- आनुपातिक रुपमा शक्तिविहीन समूहको अनुभव र गरिबीमा रहेका व्यक्तिहरूको अवस्था अनुगमन गर्ने सूचकहरूको व्यवस्था गरिनुपर्दछ।

*२.५ द्वन्द्व व्यवस्थापन संयन्त्रको सिर्जना*

समुदायमा आधारित प्रहरीका प्रमुख सिद्धान्तले कार्यक्षेत्रमा परेको समुदायमा देखिने विवाद र द्वन्द्व समाधान गर्न सक्नुपर्दछ। यस कार्यका लागि जहाँ उपयुक्त हुन्छ त्यहाँ स्थानीय संरचनाको सहकार्यले प्राथमिकता पाउनुपर्दछ। प्रहरी तथा समयलाई पछ्याउँदै समुदायका विभिन्न चरणहरूमा वास्तविक ढङ्गले सुधार कार्य अपनाउनु र विश्वासको वातावरण बनाउनुपर्छ। द्वन्द्व/विवाद व्यवस्थापनमा देहायका बुँदाहरू समावेश हुनु पर्दछ-

- प्रहरीमा समुदायमा कार्य गर्ने संयन्त्र वा संरचनाले समस्या समाधानको काम सहकार्यका साथ सम्पादन गर्ने योग्यता हुनुपर्दछ।
- यी संरचनाहरू र अन्य उपयुक्त संरचनाहरूबीच सम्बन्ध स्थापना हुनुपर्दछ। परम्परागत द्वन्द्व व्यवस्थापन मञ्चका साथ सम्बन्ध कायम राखेर अघि बढ्नुपर्दछ।
- परिवर्तन ल्याउने संरचनाको प्रभावकारिताको पुनरावलोकन तथा समुदायमा शान्ति-सुरक्षाको वास्तविक प्रभाव आत्मसात् गरी पुनरावलोकन/मूल्यांकन गर्नुपर्दछ।

**चरण ३: कार्यान्वयन व्यवस्थापन:**

कार्यान्वयनका क्रममा अनुगमनकर्ताले सावधानिपूर्वक काम गर्नुपर्दछ। बेवास्तामा परेका पक्षहरू पहिचान गर्नुपर्दछ। लक्ष्यमा पुग्न अवरोध सिर्जना गर्ने ठाउँहरूको खोजी हुनु पर्दछ। कार्यान्वयनका लागि सबल तथा प्रक्रियाका सम्पूर्ण सरोकारवालाहरूको संलग्नता व्यापक बनाउन र बलियो पार्न आवश्यक छ। कार्यान्वयनको चरणमा समावेश गर्नुपर्ने महत्वपूर्ण विशेषताहरू देहायबमोजिम छन्-

*३.१ नमुना क्रियाकलाप र कार्यक्रमहरू*

धेरै प्रभावकारी हुनसक्छन् तर ती वास्तविकतामा आधारित र सबैतिर पुनरावृत्त हुनसक्ने हुनुपर्दछ। नमुना क्षेत्र परियोजनाले दिएका अवसरहरू परीक्षणका लागि र आवश्यकता भएका ठाउँमा संशोधनका लागि हुन्। नमुना परियोजना सफल भएमा त्यसको व्यापक कार्यान्वयन र असफल भएमा आवश्यक संशोधन गर्नु पर्दछ।

*३.२ राष्ट्रिय तथा स्थानीय कमजोरी तथा पुनरावलोकन संरचना:*

स्रोत-साधनको प्रयोगमा सुधार ल्याउन र अनुगमन कार्यान्वयन गर्न राष्ट्रिय तथा स्थानीय रुपमा भएका कमजोर संरचनाहरूको पहिचान र सुधार गरिनु पर्दछ। जहाँ मौजुदा संरचनाहरू परिचित छन्, त्यसको पुनरावलोकन तथा उपयुक्त ढंगले प्रयोग हुनुपर्दछ। बेवास्ता गरिएका संरचनाहरूलाई पनि नयाँ संयन्त्रमा समावेश गरिनु पर्दछ।

- समस्या समाधानका लागि जिम्मेबार शक्ति र सरकारलाई नामका लागि मात्र आमन्त्रण नगरी वास्तविक रुपमा संलग्न गराउनु पर्दछ।
- जिम्मेवारी विभाजन र भूमिका निर्धारण प्रष्ट हुनु पर्दछ। ओझेलमा परेका क्रियाकलापहरूलाई सम्बोधन गर्न नागरिकको संलग्नता हुनु पर्दछ।

*३.३ उत्तरदायी संरचना*

समुदायमा आधारित प्रहरीको एक महत्वपूर्ण उद्देश्य प्रहरी तथा जनताबीचको सम्बन्ध तथा विश्वास बढाउनु हो। जबाफदेहीतालाई प्राथमिकता दिएर स्थानीय समुदायको विश्वास बढाउनु आवश्यक छ। प्रभावकारी प्रहरी सेवाका लागि सीमित व्यावसायिक व्यक्तिहरूलाई मात्रै समेटेर पुग्दैन। प्रहरी प्रष्ट रुपमा आमजनताप्रति उत्तरदायी हुनुपर्छ। उत्तरदायी संरचनामा देहायका पक्षहरू समेटिन्छन्-

- सरकार, संसद् तथा सर्वसाधारणप्रति प्रहरी उत्तरदायी हुने संरचनाको निर्माण।
- जनतासंग प्रत्यक्ष सञ्चारको व्यवस्था (नाम खुलाएर अथवा अज्ञात रुपमा प्राप्त गुनासोहरू सुन्ने सेवा)
- गुनासो प्राप्त गर्ने र कारबाही चलाउने संरचनामा जनताको सहज पहुँच।
- कार्य समितिको आन्तरिक पुनरावलोकन।
- जबाफदेहीताको अभ्यासमा विधायकहरूको भूमिका ( संसदीय समिति संरचना, प्रान्त/जिल्ला संरचना) के हुनसक्छ भन्ने विषयमा विधायकहरूलाई नै प्रशिक्षण कार्यक्रम।

*३.४ तालिम तथा प्रहरी-समुदायको क्षमता अभिवृद्धि:*

समुदायमा आधारित प्रहरी सेवाको सुधार प्रक्रिया स्थायी बनाउन स्थानीय जनताको क्षमता बढाउनु आवश्यक छ ।

यस प्रयोजनका लागि तालिम दिने स्रोत संस्थाहरूको पनि क्षमता अभिवृद्धि गरिनु पर्दछ । स्रोत संस्था योग्य भएमा नै प्रहरी तथा समुदाय प्रशिक्षित हुन सक्छन् । प्रहरी र समुदायभित्रै रहेका दक्ष तथा सीपयुक्त व्यक्तिहरूलाई स्रोत व्यक्तिका रुपमा प्रयोग गर्नुपर्छ । प्रहरीभित्र देहायका काम हुनु आवश्यक छ-

- समुदायमा आधारित प्रहरीका लागि मौजुदा शिक्षा, संरचना र कार्यक्रममा प्राथमिकता दिँदै तालिम सञ्चालन ।
- प्रशिक्षणपछि अनुगमन तालिमको व्यवस्था ।
- सम्मान र मानवअधिकारको रक्षाका लागि प्रहरीको क्षमतामा विकास ।
- प्रहरीको क्षमता अभिवृद्धिका लागि प्रभावकारी तथा उपयोगी ढंगले सूचना संकलन तथा व्यवस्थापन ।
- कार्यक्षेत्र तालिमका लागि वरिष्ठ राष्ट्रिय तथा अन्तरराष्ट्रिय प्रहरी अधिकारीहरूलाई स्रोतव्यक्ति वा समीक्षक बनाउने प्रबन्ध ।

नागरिक समाज तथा समुदायभित्र देहायका विषयमा ध्यानदिनु पर्दछ-

- समुदायमा आधारित प्रहरी सेवा र जनताको भूमिका सुरक्षाका लागि अनुकूल बनाउन जनचेतनाको अभिवृद्धि ।
- मानवअधिकार तथा जिम्मेवारी र नागरिकको कानुनी दायित्वका सम्बन्धमा जनचेतना अभिवृद्धि ।
- आवश्यक परेको अवस्थामा आधारभूत सांगठनिक सीपका लागि तालिम दिइनु पर्दछ ।

*३.५ परिवर्तित कार्यक्रम सञ्चालनको नेतृत्व गर्नसक्ने स्थानीय क्षमता*

समुदायमा आधारित प्रहरीको क्षमता अभिवृद्धिका लागि आतिथेय मुलुकका सरोकारवालाहरू (प्रहरी, सरकार र नागरिक समाज) सजग हुनुपर्दछ । स्थानीय जनताको क्षमता अभिवृद्धि भएपछि मात्र परिवर्तित कार्यक्रम कार्यान्वयन, नेतृत्व तथा व्यवस्थापनमा सफलता हात लाग्दछ । सुधारको कार्यान्वयन निरन्तर अघि बढ्ने प्रक्रिया हो । सुधार कार्यक्रममा देहायका बुँदाहरू समावेश हुन्छन्-

- परिवर्तित कार्यक्रमको संरचना र कार्यान्वयनका लागि आतिथेय मुलुकको प्रहरी तथा समुदायको सीप सबल बनाउनु आवश्यक छ ।
- आवश्यकताअनुसार पुनर्संरचना र परिवर्तनको आवश्यकतालाई आत्मसात् गरेर सम्बन्धित सरोकारवालाहरूलाई सहयोग पुऱ्याउनु पर्दछ ।
- अनुभव तथा ज्ञानको बाँडफाँड आन्तरिक तथा बाह्य परामर्शबाट पूरा गर्न प्रमुख प्रहरी अधिकारीहरूको संलग्नता आवश्यक हुन्छ ।
- नागरिक समाजका पात्रहरू यस प्रक्रियामा केन्द्रविन्दुमा पर्दछन् ।

*३.६ सुधार प्रक्रियाका लागि पर्याप्त स्रोत-साधन*

सुधार प्रक्रियाका लागि पर्याप्त वित्तीय स्रोत-साधन आवश्यक हुन्छ । प्रहरीका लागि छुट्याइएको सामान्य बजेटभित्र सुधारका लागि छुट्टै रकम व्यवस्थित हुनु पर्दछ । सुधार प्रक्रियाको अवधि विभिन्न तत्वहरूले प्रभावित हुन्छ । अन्तर्राष्ट्रिय पात्रहरू जति लामो समयका लागि आवश्यक पर्दछन् त्यसै अनुसारको बजेट निर्धारण हुनु पर्दछ । त्यसैले सुधार प्रक्रिया पूर्ण रुपले बाह्य अनुदानमा निर्भर रहन सक्तैन । यसका लागि आतिथेय मुलुकको स्रोत-साधन अधिकतम प्रयोग हुनु आवश्यक छ । दीर्घकालिक सुधार प्रक्रियाको संलग्नताका लागि सुरक्षा र पर्याप्त स्रोत-साधन सुनिश्चित हुनु पर्दछ:

- अन्तर्राष्ट्रिय सहयोग स्थिरताको प्रक्रिया सुरु भएपछि पनि सुधार प्रक्रियामा विचलन नआवोस् भन्नका लागि पद्धति निर्माण हुनुपर्दछ ।
- वास्तविक आवश्यकता र प्राथमिक आवश्यकताको पहिचानमा रहेर अन्तर्राष्ट्रिय भौतिक सहयोग प्राप्त हुनुपर्दछ ।
- विभिन्न चरणमा सुधार प्रक्रिया निरन्तर अघि बढाउन सम्भव भएसम्म कोष परिचालनमा विकेन्द्रीकरण नीति लागू हुनुपर्दछ ।

*३.७ उपयुक्त सांगठनिक संरचना*

सुधार प्रक्रियाले प्रहरी संगठनलाई सेवाका लागि रुपरेखा निर्माण तथा कार्यान्वयन गर्न अधिकतम अवसर प्रदान गर्नुपर्दछ । यो उद्देश्य पूरा गर्नका लागि उपयुक्त सांगठनिक संरचना हुनुपर्दछ । यसका लागि देहायका पक्षमा ध्यान दिनु आवश्यक छ-

- स्थानीय प्रहरी कर्मचारीलाई समुदायमा संलग्न गराउन आवश्यक अधिकार ।
- प्रष्ट कार्यादेश तथा भूमिका निर्धारण ।
- दैनिक काममा समुदायमा आधारित प्रहरीलाई संलग्न तथा सक्रिय गराउन पुरस्कारको व्यवस्थापन ।
- व्यवस्थापन सीप ।

*३.८ शीघ्र प्रतिफल*

सुधार प्रक्रियाका लागि सकारात्मक परिवर्तन ल्याउन शीघ्र प्रतिफलको अवधारणा स्वीकार गरिएको छ । यसले कुन दिशामा सुधार गैरहेको छ भन्ने संकेत गर्दछ । यसले सफलता र साहस बढाउँछ, थप परिवर्तनका लागि प्रोत्साहन र जग निर्माण गर्दछ । सुधार प्रक्रियामा सर्वपक्षीय आत्मविश्वास निर्माणका लागि

सबैले प्रष्ट देखिने गरी यो उपलब्धि हातमा आउनु पर्दछ। उदाहरणका लागि परिवर्तनले तत्काल भ्रष्टाचारमा संलग्न प्रहरी अधिकारीहरूलाई कारबाही गर्ने 'नमुना प्रहरी कार्यालय' को सुरुवात गर्नेजस्ता काम थालिनु पर्दछ। सकारात्मक प्रभाव प्रस्तुत गर्नका लागि यस प्रकारको गतिविधिले जगको काम गर्दछ। यसले समुदायमा आधारित प्रहरी सेवा हुन थालेको संकेत गर्दछ। साथै, यस अभियानका लागि जनसमर्थन र अपेक्षा जुटाउँछ। नमुना प्रहरी केन्द्रका कारण सम्पूर्ण प्रहरी सेवामा सोही कार्यालयलाई आदर्श मानेर अघि बढ्ने प्रेरणा जाग्रित हुन्छ।

### *३.९ अनुगमनका लागि संयन्त्र र प्रक्रिया*

अनुगमन संयन्त्र र प्रक्रिया अन्य राष्ट्रिय प्राथमिकताका सवालका साथ जोडिएर आउँछ। (उदाहरणका लागि विश्व बैंकको गरिबी न्यूनीकरण रणनीति अनुगमन)। अनुगमन प्रक्रियामा देहायका बुँदाहरू समावेश हुन्छन्-

- योजना निर्माण चरणमा परिसूचक तथा परिमापकहरूको व्यवस्था।
- राम्रा-नराम्रा अभ्यास, क्रियाकलाप र रणनीतिको प्रभावको पुनरावलोकन।
- परिवर्तनको प्रक्रियामा अधिक समर्थन जुटाउनका लागि उपलब्धि र सफलताको प्रकटीकरण संयन्त्र।
- जोखिम र द्वन्द्व विश्लेषणको निरन्तर अद्यावधिक, सन्दर्भको अनुगमन, संलग्नताको प्रभाव, समयसापेक्ष सन्दर्भमा प्रभावको अनुगमन।
- अन्तर्राष्ट्रिय समुदायको सहयोगमा स्थानीय नागरिक समाजको स्वामित्व अनुगमन
- परिवर्तित प्रक्रियाका लागि समर्थन जुटाउन उपलब्धि र सफलताको प्रकटीकरण

### *३.१० भ्रष्टाचार नियन्त्रण कार्यक्रम*

प्रहरीभित्र भ्रष्टाचारको उन्मूलन परिवर्तनको बलियो आधार हो। यसले जनताबाट सशक्त समर्थन प्राप्त गर्न आधारको काम गर्दछ। तर कुनै पनि संगठनलाई भ्रष्टाचारमुक्त बनाउनु अत्यन्त कठिन कार्य हो। यसका लागि सरकार तथा संगठन स्वयंको उच्च प्रतिबद्धताको खाँचो पर्दछ। तर शुद्धीकरणको विषय प्रदर्शनीको वस्तु नभई वास्तविकतामा आधारित हुनु पर्दछ। भ्रष्टाचारको स्वरुप र आधार हेर्दा यसको पूर्ण उन्मूलन अत्यन्त जटिल देखिन्छ। आर्थिक जिविकोपार्जन, खास समाजमा स्वीकृत मान्यताहरूमा भ्रष्टाचारको सन्दर्भ जेलिएर रहने भएकाले प्रहरीबाट मात्र निरपेक्ष रुपमा यसको उन्मूलन हुनसक्तैन। प्रभावकारी भ्रष्टाचारविरुद्धको रणनीतिमा देहायका पक्षहरू समावेश हुनु पर्दछ-

- राम्रो व्यवस्थापन निरीक्षण र नियन्त्रण।
- भ्रष्टाचार विरुद्धको नीतिको व्यापकता।
- अनुशासन नीति तथा प्रक्रियामा शुद्धता र पारदर्शिता।
- आवश्यक योग्यता र भ्रष्टाचार विरुद्धको नेतृत्वमा प्रभावकारिता देखाउने क्षमता भएका वरिष्ठ अधिकृतहरूलाई प्रोत्साहन।
- गुनासो गर्ने र सुन्ने संयन्त्र

### *३.११ आन्तरिक तथा वाह्य सञ्चार*

कार्यान्वयन प्रक्रियामा आन्तरिक तथा बाह्य सञ्चार अधिक पारदर्शी तथा उत्तरदायी हुनु पर्दछ। यसमा जनताको आवश्यकता र प्रहरी संगठनलाई सुधार गर्ने वा सबल बनाउने पक्षले प्राथमिकता पाउनु पर्दछ। प्रभावकारी वाह्य सञ्चारले प्रहरीमा जनविश्वास बढाउन योगदान पुऱ्याउँछ। धेरै संगठनहरूको साझा कमजोरी के देखिन्छ भने उनीहरू आम सञ्चारमा आउन डराउँछन्। उनीहरूलाई सञ्चारमाध्यमले केवल कमजोरीहरूमात्र खोजीखोजी सार्वजनिक गरिदिने काम गर्दछ भन्ने लाग्दछ। तर, जनतासँग सहकार्य गर्दै अघि बढ्ने प्रहरीले आफ्ना हरेक कार्य बाहिर ल्याउन सञ्चारमाध्यमसँग सहकार्य गर्नुपर्दछ। यसका लागि प्रहरीले सञ्चार व्यवस्थापन तालिम लिनुपर्दछ भने पत्रकारलाई पनि प्रहरीका विषयमा तालिम प्रदान गर्नुपर्दछ।

### *चरण ४: कमी-कमजोरी र मूल्यांकन*

समुदायमा आधारित प्रहरीका कार्यक्रमको अन्तिम लक्ष्य आत्मनिर्भरता वा स्थायित्व हो। अन्तर्राष्ट्रिय संलग्नताको चक्र सञ्चालनबिना नै सुधार प्रक्रियाले स्थायित्व प्राप्त गर्नु सफलताको परिचायक हो। यो लक्ष्य प्राप्तिका लागि कार्यान्वयन योजना सतर्कताका साथ निर्माण गरिनुपर्दछ। यसले गर्दा केन्द्र वा माथिल्लो पत्रमा रहेको अधिकार स्थानीय वा तल्लो पत्रमा हस्तान्तरण हुन्छ। यसो भएमा स्वतः अन्तर्राष्ट्रिय प्रभाव घट्न पुग्दछ। अन्तर्राष्ट्रिय पात्रहरूको प्रवेशले प्रहरी सुधारमा अनावश्यक उल्झन पनि सिर्जना हुनसक्छ। प्रहरी र नागरिक समाजको सहकार्य र अधिकारको प्राप्तिले दुवै पक्षलाई आत्मनिर्भर बनाउँछ। कार्यक्रमले यसको रणनीतिक उद्देश्य तथा लक्ष्य हासिल गऱ्यो वा गरेन गहन मूल्यांकन हुनु आवश्यक छ। यदि प्रष्ट गुणात्मक तथा संख्यात्मक परिसूचकहरू पूर्व-संलग्नता चरणमै निर्धारित गरिसकिएका छन् भने कार्यक्रमको रुपरेखा स्वभावतः सकारात्मक हुन पुग्दछ। तर अनुगमनको अभ्यास निरन्तर अघि बढ्नु पर्दछ। अल्पकालीन, मध्यकालीन र दीर्घकालीन उपलब्धि र प्रभावको पहिचान गरी कहाँ के कमजोरी भयो सो पहिचान गर्न सक्नुपर्दछ। दृष्टिकोणको विस्तारित क्षेत्र ठम्याउँदै स्थानीय अवधारणालाई पूर्णरुपले संलग्न तथा सदुपयोग गराउँदै अघि बढ्नु पर्दछ। यसो भएमा नै अनुगमन प्रतिवेदन विश्वसनीय हुन पुग्दछ। यसले स्थानीय सरोकारवालाहरूलाई पाठ सिकाउँछ र अघि बढ्न मार्गनिर्देश गर्दछ। अनुगमनभित्र वित्तीय लेखा परीक्षण एक महत्वपूर्ण अंग हो। प्रहरीभित्र परिचालित स्रोत-साधनको मूल्यांकन तथा बाँडफाँड कसरी भयो र अन्तर्राष्ट्रिय सहयोगको अवस्था कस्तो थियो भन्ने जानकारीका लागि यो अनुगमन आवश्यक हुन्छ।

कार्यक्रम परिवर्तन गर्दा मध्यम र दीर्घकालीन के प्रभाव पऱ्यो भन्ने कुराको मूल्यांकन हुनुपर्दछ । सुरक्षा, शान्ति र विकास तथा पहिलादेखि स्थापित जोखिम र समुदायमा द्वन्द्वका वास्तविक कारण बनेका समस्या पहिचान गरी समुदायमा आधारित प्रहरीको प्रभाव समीक्षा हुनु आवश्यक छ ।

प्रहरीले उनीहरूको आफ्नो गतिविधि र विगतका गल्तीबाट सिकेका पाठको अनुगमन गर्न सक्नुपर्छ । यसो गरेमा नै लामो समयसम्म अन्तर्राष्ट्रिय दातृ निकायहरूको सहयोगमा आश्रित रहनुपर्ने अवस्था आउँदैन । प्रहरीले कमजोरी पहिचान गरी ठीक तरिकाले योजनामुताविक कार्यक्रम सञ्चालन गर्ने दक्षता हासिल गर्नु आवश्यक छ ।

अन्तर्राष्ट्रिय कमजोरीलाई देखाएर मात्र उम्किन मिल्दैन । प्रहरीको पूर्वनिर्धारित योजना कार्यान्वयन र अनुगमन स्वाभाविक रुपमा परिचालन हुनु आवश्यक हुन्छ । अन्तर्राष्ट्रिय पात्रहरूले हामीलाई बिर्से भनेर सुधार प्रक्रिया स्थगित गर्ने अवधारणा बन्नुहुन्न । दातृ निकायहरूको निरन्तर सहयोग प्राप्त हुनसक्छ वा सक्तैन भन्ने तथ्यको जानकारी पनि मूल्यांकन अनुगमन उपयुक्त ढंगले सञ्चालन गरिएको छ भने समयमै प्राप्त हुन्छ ।

अन्ततः भविष्यको संलग्नताको संरचनासम्बन्धी जानकारी संप्रेषण गर्न र सिकेका पाठहरू बाँडचुड गरेर लिन-दिन आवश्यक छ । समुदायमा आधारित प्रहरी कार्यक्रमको पुनरावलोकन गर्न र पुनरावलोकन प्रक्रिया ठीक तरिकाले अगाडि बढाउन सबै सरोकारवालाहरू संलग्न रहनु आवश्यक छ । यसबाट नै के हुनुपर्थ्यो र के हन सकेन भन्ने जानकारी हात लाग्छ । यसअतिरिक्त केही पाठ र अनुभवहरू समुदायमा आधारित प्रहरी सेवामा अनुशरण गर्नैपर्ने हुन्छ । अन्तर्राष्ट्रिय पात्रहरूले अनुभवका आधारमा गरिएको अनुशरणलाई सघाउने पनि गर्दछन् ।

## ७. निष्कर्ष

समुदायमा आधारित प्रहरी सेवा सुरक्षा तथा विकासमा आवद्ध हुनुपर्छ । समुदायको सहयोगमा सञ्चालित प्रहरी फौजले असुरक्षाका तत्वहरूलाई समाउन समर्थ भएमा नै आर्थिक, सामाजिक तथा राजनीतिक विकासको मार्ग प्रशस्त हुन पुग्दछ । प्रहरी संगठनको सुधारका लागि अन्तर्राष्ट्रिय योगदान भए तापनि जनताप्रति प्रहरी लापरबाह छभने सही अर्थमा त्यसले सकारात्मक प्रभाव पार्न सक्तैन । आर्थिक, भौतिक तथा ऐतिहासिक अवरोधहरूमा प्रतिकूल प्रभाव परिरहेकै हुन्छ । व्यवस्थापन नेतृत्व, राजनीतिक इच्छा, अवधारणा निर्धारण, स्थापित व्यवहार र नकारात्मक नागरिक दृष्टिकोणका मुद्दाहरूलाई प्रभावकारी सुधार आवश्यक हुन्छ ।

प्रहरीको केन्द्रीकरण भन्नुको अर्थ यसप्रति जनताको आस्था न्यून रहनु हो । एक संस्थाका रुपमा प्रहरी र समुदायलाई विकास गर्न र यी दुईबीच सम्बन्ध सुधार गर्न कार्यशालाले पर्याप्त महत्व दिएको छ । केन्द्रीकृत प्रहरी सेवाले जनताको विश्वास जित्न सक्तैन । समुदायमा आधारित प्रहरीको दर्शन प्रष्ट रुपमा बुझेर कार्यान्वयनको व्यवस्थापन प्रक्रिया र उपयुक्त प्रकारको सांगठनिक संरचनाले नै सुधार कार्यलाई सफल बनाउँछ ।

प्रहरीको सुधार कार्य पात्रहरूको विस्तारित सीमा पहिचानबिना सम्भव छैन । प्रहरीको सुधार किन गर्ने, कसरी गर्ने र यसको दायरा कति फराकिलो छ भन्ने तथ्य बुझेर मात्र यसमा हात हाल्नुपर्छ । यो पुस्तिका समुदायमा आधारित प्रहरी सेवाको सुधारका लागि आधुनिक प्रहरी विभाग खडा गर्न र कार्यान्वयनमा ल्याउन मार्गनिर्देशन हुने आशा गरिन्छ ।

# सामुदायिक प्रहरी सेवा
# सुरक्षाको विकास–विकासको सुरक्षा ?

**कार्यशालाको विषय**

| **समय** | **कार्यक्रम** |
|---|---|
| ९:००-९:३० | चियापान |
| ९:३०-९:४५ | स्वागत मन्तव्य |
| | डेभिड एम मेलोन, अध्यक्ष, अन्तर्राष्ट्रिय शान्ति प्रतिष्ठान । |
| | महामहिम अलान रक, संयुक्त राष्ट्रसंघका लागि क्यानाडाका स्थायी प्रतिनिधि । |
| सत्र १ | समुदायमा आधारित प्रहरी सेवाः आधारभूत अवधारणा र कार्यान्वयनका चुनौती |
| ९:४५-१०:४५ | परिचय र विवरण |
| | डा.गोर्डोन पिक, अन्तर्राष्ट्रिय शान्ति प्रतिष्ठानसँग आवद्ध |
| | 'समुदायमा आधारित प्रहरी सेवाको दर्शन र सिद्धान्त' विषयक प्रस्तुति |
| | ग्राह्म माथिआस , वरिष्ठ प्रहरी सेवा सल्लाहकार, सेफरवर्ल्ड |
| १०:४५-११:०० | विश्राम |
| ११:००-१२:१५ | समुदायमा आधारित प्रहरी सेवाको कार्यान्वयन (प्रथम)-प्रहरी सेवा र नागरिक समाजको अवधारणा (अध्यक्षताः गोर्डोन पिक) |
| | मलावीः अन्डुल मकासुंगुला, मानव अधिकार केन्द्र र पुनःस्थापना केन्द्र । |
| | सिएरालिओनः एड्रियान हर्न, हर्न लिमिटेड । |
| | सर्बिया र मोन्टेनिग्रोः डा. मार्क डाउन्स, कानुन कार्यान्वयन विभाग, युरोपका लागि सुरक्षा-सहयोग संगठन ( ओएससिई) |
| १२:१५-१:१५ | दिवा भोजन |
| १:१५-२:४५ | समुदायमा आधारित प्रहरी सेवा कार्यान्वयन(द्वितीय) दाता तथा राष्ट्रसंघीय अवधारणा (अध्यक्षताः एन्डी म्याक्लिन) |
| | इमि फुरुया, वैदेशिक मामिला तथा अन्तर्राष्ट्रिय व्यापार (डिएफएआइटी) |
| | डा. किरन वेदी, प्रहरी सल्लाहकार, नागरिक प्रहरी विभाग, राष्ट्रसंघीय शान्ति मामिला विभाग (युएनडिपिकेओ) |
| | डा. एन्ड्रयु मोरिसन्, गरिबी तथा लैंगिक समूह, विश्व बैंक । |

सत्र २

२:४५-३:३० समुदायमा आधारित प्रहरी सेवाको संस्थागत ढाँचा (प्रथम) (अध्यक्षताः नेक्ला छिर्गी)

रित्तो कोठामा मिटिङः प्रहरी सुधारका लागि जनसमुदायको हेराइ र सहभागिता सुदृढीकरणः उत्तरी आयरल्याण्डको अवस्था ।

डा.नील जारम्यान, द्वन्द्व अनुसन्धान प्रतिष्ठान, बेलफास्ट

अडानका लागि सिफारिसः योग्य प्रहरीलाई समुदायमा आधारित प्रहरी सेवामा स्थान (प्रतिवेदन वितरण गरिएको तर वाचन वा प्रस्तुति नभएको)

प्रा.वटविन मेरिनिन, राजनीतिक शास्त्र विभाग/अपराध न्याय कार्यक्रम, वासिगंटन स्टेट युनिभर्सिटी ।

३:३०-३:४५ विश्राम

३:४५-५:१५ समुदायमा आधारित प्रहरी सेवाको संस्थागत ढाँचा ।(द्वितीय) (अध्यक्षताः एग्निज हुरउइज)

शासन, प्रहरी सुधार, तथा समुदायमा आधारित प्रहरी सेवा ।

डा. मार्क बास्किन, अन्तर्राष्ट्रिय विकास केन्द्र, स्टेट युनिभर्सिटी अफ न्युयोर्क, सार्वजनिक नीतिविद्, उडरो विल्सन सेन्टर ।

विधिको शासन र समुदायमा आधारित प्रहरी सेवा ।

मिस्टर क्रिसगेल, सल्लाहकार, अन्तर्राष्ट्रिय विकास विभाग (डिएफआइडी), संयुक्त अधिराज्य ।

राष्ट्रसंघीय शान्ति मामिलामा नागरिक प्रहरी

डा. रेनाता ड्वान, स्कटहोम अन्तर्राष्ट्रिय शान्ति अनुसन्धान प्रतिष्ठान (एसआइपिआरआई)

५:१५-५:३० समापन सम्बोधन

एन्डी म्याक्लिन, उपनिर्देशक, सेफरवर्ल्ड ।

डा. नेक्ला छेर्गी, उपाध्यक्ष, अन्तर्राष्ट्रिय शान्ति प्रतिष्ठान

# सहभागीहरू

**डा. मार्क बास्किन,**
उड्रो विल्सन, प्रिन्सटन विश्वविद्यालय ।

**डा. किरण वेदी**
राष्ट्रसंघीय शान्ति मामिला विभाग,
नागरिक प्रहरी प्रभाग ।

**काहा चिताइया,**
राष्ट्रसंघका लागि जर्जियाको स्थायी मिसन

**डा. मार्क डाउन्स,**
युरोपका लागि सुरक्षा-सहयोग संगठन,
सर्बिया तथा मोन्टिनिग्रोका लागि मिसन ।

**डा. रेनाता ड्वान,**
स्टकहोम अन्तर्राष्ट्रिय शान्ति अनुसन्धान प्रतिष्ठान ।

**इमी फुरुया,**
वैदेशिक मामिला तथा अन्तर्राष्ट्रिय व्यापार ।

**क्रिस गेल,**
परामर्शदाता ।

**यान्ड्रिया गुडम्यान,**
राष्ट्रसंघीय विकास कार्यक्रम,
संकट रोकथाम तथा उपचार केन्द्र ।

**हेस्टा ग्रोनेवाल्ड,**
सेफरवर्ल्ड ।

**लुडोभिक हुड,**
राष्ट्रसंघीय विकास कार्यक्रम ।

**एड्रिन हर्न,**
हर्न लिमिटेड ।

**महामहिम मिस्टर जिन-मार्क होसचित,**
राष्ट्रसंघका लागि लक्जेम्बर्गको स्थायी मिसन

**लेफ्टिनेन्ट कर्नेल केन जे डी हुम**
राष्ट्रसंघका लागि बेलायतको स्थायी मिसन

**डा. एग्निज हुरविज,**
अन्तर्राष्ट्रिय शान्ति प्रतिष्ठान ।

**डा. नील जारम्यान,**
द्वन्द्व अनुसन्धान प्रतिष्ठान ।

**ओमान कोन,**
राष्ट्रसंघका लागि लग्जेम्बर्गको स्थायी मिसन

**डेभिड मेलोन,**
अन्तर्राष्ट्रिय शान्ति प्रतिष्ठान ।

**प्रा. ओटविन मेरनिन,**
राजनीतिक शास्त्र विभाग,
वासिंगटन स्टेट युनिभर्सिटी ।

**ग्राह्म माथियास,**
सेफरवर्ल्ड ।

**एन्डी म्याकलिन,**
सेफरवर्ल्ड ।

**जो मोइर,**
राष्ट्रसंघका लागि बेलायतको स्थायी मिसन

**डा. एन्ड्र्यु मोरिसन,**
विश्व बैंक ।

**फेड.एट. रिचार्ड मोसेज,**
राष्ट्रसंघका लागि अष्ट्रेलियाको स्थायी मिसन

**अन्डुल म्याकासुङ्गला,**
मानवअधिकार तथा अनुसन्धान केन्द्र ।

**न्याचेल निल्ड,**
कन्सलट्यान्ट ।

**दाग हाल्भोर निल्याण्डर,**
राष्ट्रसंघका लागि नर्वेको स्थायी मिसन ।

**हाएको निजकी,**
अन्तर्राष्ट्रिय शान्ति प्रतिष्ठान ।

**डा. गोडर्न पिक**
अन्तर्राष्ट्रिय शान्ति प्रतिष्ठान ।

**महामहिम अलान रख,**
राष्ट्रसंघका लागि क्यानडाको स्थायी मिसन ।

**मार्क रोजर्स,**
परामर्शदाता ।

**कर्नेल जुसी सारेसालो,**
अन्तर्राष्ट्रिय शान्ति प्रतिष्ठान ।

**नोरीमासा सिमोमुरा,**
राष्ट्रसंघीय विकास कार्यक्रम ।

**फ्लाभियस् स्टान,**
अन्तर्राष्ट्रिय शान्ति प्रतिष्ठान ।

**केसी स्टुडार्ड,**
अन्तर्राष्ट्रिय शान्ति प्रतिष्ठान ।

**सिएमआर. हकान फेलिन,**
राष्ट्रसंघका लागि स्वीडनको स्थायी मिसन ।

**डा. मेकला छिर्गी,**
अन्तर्राष्ट्रिय शान्ति प्रतिष्ठान ।

**लुक भान डि गुर,**
नेदरल्याण्डस अन्तर्राष्ट्रिय मामिला प्रतिष्ठान-
क्लिङगेनडेल ।

**मेजर. नेल्स हेनरिक ओएगसबोर्ग,**
राष्ट्रसंघका लागि डेनमार्कको स्थायी मिसन ।

**अन्तर्राष्ट्रिय शान्ति प्रतिष्ठान**
७७७ युनाइडेड नेसन्स प्लाजा
न्युयोर्क, एनवाई १००१७-३५२१
टेलिफोन: (२१२) ६८७-४३००
फ्याक्स: (२१२) ९८३-८२४६
www.ipacademy.org

**सेफरवर्ड**
२८ चार्ल्स स्क्वायर
लण्डन N1 6HT UK
टेलिफोन: +४४(०) २०७३२४ ४६४६
फ्याक्स: +४४(०) २०७३२४ ४६४७
www.saferworld.org.uk